हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ पुस १० गते शनिवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 December 25 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११९

## वीरगंज-पथलैया सडकखण्ड समयमा सम्पन्न हुन्छ -योजना प्रमुख साह

# वीरगंजको मुख्य सडकको पनि मरम्मत हुने

प्रस, वीरगंज, ९ पुस/


वीरगंज-पथलैया व्यापारिक मार्ग विस्तार आयोजनाका प्रमुख मनीषकुमार साहले ८० प्रतिशत काम सम्पन्न भएको बताएका छन् । उनले चैत मसान्तसम्म समयावधि रहेको छ लेन सडकको काम अबको समयमा तोकिएकै बेला सम्पन्न हुने बताए ।

योजना प्रमुख साहले जीतपुर बजार क्षेत्रको काम अन्य १२ वटा साइटभन्दा ढिला भएको र अहिले ५५ प्रतिशत काम सम्पन्न भइसकेको बताए । उनले साइट क्लियरको लागि जीतपुर क्षेत्रको काममा पछिल्लो समयमा ढिलो भए पनि अहिले सबैभन्दा द्रुत गतिमा यही साइटको काम भइरहेको जानकारी गराए ।

वीरगंज-पथलैया व्यापारिक मार्गमा अहिले कालोपत्रको काम मात्र बाँकी रहेको योजना प्रमुख साहले बताए । पुल, नालालगायतका काम सम्पन्न भइसकेका छन् र कालोपत्रको काम द्रुत गतिमा भइरहेको उनले बताए ।

आयोजना कार्यालयले जनाए अनुसार आइसिपीदेखि पथलैयासम्म ३०.६८ किलोमिटर छ लेन सडक निर्माण भइरहेको छ । सो सडकको चौडाइ ५० मिटर रहेको छ । आइसिपीदेखि पथलैयासम्म १३ वटा ठेकेदार कम्पनीले ठेक्का सकार गरेका छन् ।

परवानीपुरदेखि गण्डकसम्म अमर/पप्पु जेभीले ५४ प्रतिशत, गण्डकदेखि हरपतगंजसम्म श्रेष्ठ/बिरुवा जेभीले ८० प्रतिशत, हरपतगंजदेखि ड्राइपोर्टसम्म पप्पु/लुम्बिनी जेभीले ५० प्रतिशत, पथलैया चोकदेखि सूर्य नेपालसम्म अमर/कन्टचाक्ट जेभीले ५१ प्रतिशत, सूर्य नेपालदेखि सेनाको क्याम्पसम्म शर्मा/युनाइटेड बिल्डर/दिवा निर्माण जेभीले ४१ प्रतिशत, सेनाको क्याम्पदेखि परवानीपुरसम्म अमर/कन्टचाक्ट जेभीले ७७ प्रतिशत, परवानीपुरदेखि गण्डकसम्म दिवा/सपना जेभीले ८१ प्रतिशत, लालका पुलदेखि जीतपुरबजारसम्म इलाइट/सब्बा जेभीले ७९ प्रतिशत, श्रीसिया खोलादेखि परवानीपुरसम्म लुम्बिनी/मृत सञ्जीवनीले ७६ प्रतिशत, श्रीसिया खोलादेखि परवानीपुर सडकखण्डमा लुम्बिनी/मृत सञ्जीवनीले ७६ प्रतिशत, गण्डक चोकदेखि परवानीपुरसम्म कन्टचाक्ट/लुम्बिनी जेभीले ५३ प्रतिशत, ड्राइपोर्टदेखि आइसिपीसम्म रमन/महावीर जेभीले ९० प्रतिशत, गण्डक नहरदेखि केडिया आँखा अस्पतालसम्म सपना/निर्माण जेभीले ५६ प्रतिशत काम गरिसकेका छन् ।



वीरगंज-पथलैया छ लेन सडक । तस्वीरः फाइल

**वीरगंजको मुख्य सडक मरम्मत हुने**

वीरगंज-पथलैया व्यापारिक मार्ग योजना अन्तर्गत वीरगंज क्षेत्रको मुख्य सडकको मरम्मत कार्य हुने भएको छ । ५० मिटर सडक चौडा बनाउने अभियान अदालतमा विचाराधीन रहेकोले केही वर्षदेखि वीरगंजको मुख्य सडकको मरम्मत हुन सकेको थिएन । सडक विभागले यो आवमा मुख्य सडकको पनि मरम्मत गर्ने योजना प्रमुख साहले बताए । उनले सडक विभागले मुख्य सडकको मरम्मतको लागि अढाई करोड बजेट विनियोजन गरेको र सो प्रयोजनको लागि पुस ५ गते टेन्डर पनि आह्वान भइसकेको बताए । तीनवटा प्याकेजमध्ये एउटा जीतपुरको मन्दिर र दुईवटा वीरगंजको मुख्य सडक रहेको उनले बताएका छन् ।

वीरगंज-रक्सौल मितेरीपुलदेखि रजतजयन्ती चोकसम्म पहिलो प्याकेज र रजतजयन्ती चोकदेखि पावरहाउस चोकसम्म दोस्रो प्याकेजअन्तर्गत मरम्मत गरिने उनले बताए ।

मितेरी पुल मरम्मत नहुँदा ठूलो खाल्डाखुल्डी परेको र भन्सारदेखि रजतजयन्ती चोकसम्मको सडक पनि मरम्मत सम्भारको अभावमा खाल्डाखुल्डी परेको छ ।

यसैगरी, रजतजयन्तीदेखि पावरहाउसम्म मुख्य सडक तीन-चार वर्षदेखि मरम्मत नहुँदा ठाउँठाउँमा खाल्डाखुल्डी परेका छन् ।

वीरगंजको मुख्य सडक मरम्मतको लागि यसअघिका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले पहल शुरू गरेका थिए भने हाल बहालवाला प्रजिअ उमेशकुमार ढकालको पहलमा मरम्मतको लागि टेन्डर आह्वान भएको हो । प्रजिअ ढकालले यसअघि छ लेन सडक निर्माणको लागि तदारूकता देखाउनुका साथै वीरगंजको मुख्य सडक मरम्मतका लागि सडक विभागलाई पहल गर्न दबाब दिएका थिए ।

योजना प्रमुख साहले आगामी असारसम्म काम सम्पन्न हुने गरी काम शुरू हुने प्रतीकलाई बताए ।

## निजगढमा फोहोरबापत मोहोर

प्रस, निजगढ, ९ पुस/

फोहोरबाट मोहोर आर्जन गर्न सकिने जनाउँदै 'तपाईंको घरको फोहोर हामीलाई दिनुस् । तपाईंलाई हामी नगद दिन्छौं' भन्दै स्थानीय सरोकार सङ्घसंस्था, टोल विकास समिति, नागरिक अगुवा, राजनीतिक दलहरूलाई आग्रह गरिएको छ ।



एकीकृत फोहोर सङ्कलन विधिसम्बन्धी निजगढमा आयोजित गोष्ठी । तस्वीरः प्रतीक

निजगढमा फोहोरबापत मोहोर दिने प्रतिबद्धता ग्रीन एन्ड क्लिन सिटी, हेटौंडाले गरेको हो ।

एकीकृत फोहोर सङ्कलन विधिसम्बन्धी गोष्ठीमा प्रमुख अतिथि एवं निजगढ-९ अध्यक्ष सुदर्शनप्रसाद बडालले असल नागरिकको परिचय दिनसमेत फोहोरमैलाको उचित व्यवस्थापनमा ध्यान दिनैपर्ने बताए । उनले निजगढ नगरको फोहोर व्यवस्थापनको जिम्मा लिएको यस संस्थाले तौलेर प्रतिकिलोको दरले फोहोर खरीद गर्ने बताए ।

कार्यक्रममा फोहोरको व्यापार गरी त्यसको उचित व्यवस्थापनमा सबैलाई सहयोग पुऱ्याउन संस्थाका सञ्चालक नवराज खतिवडाले आग्रह गरे ।

करीब आठ महीनाअघि निजगढ नपासँग सम्झौता भएपनि कोरोना महामारीका कारण फोहोर व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन नसकिएको तर अब कामले गति लिने सञ्चालक खतिवडाले बताए ।

यसअघि सो संस्थाले नगरको फोहोरमैला व्यवस्थापनको नाममा निजगढको बकैया पुलको दक्षिणतर्फको नदी किनारमा डम्पिङ साइट बनाएर आगो लगाउँदै प्लास्टिक, सीसा, धातुजन्यलगायतका फोहोरमैलाको व्यवस्थापन गरेपछि नगरवासीहरूले सो कार्यको विरोध गरेका थिए ।

निजगढमा दैनिक कम्तीमा पनि छ टन फोहोरमैला सङ्कलन हुने जनाइएको छ । सो कार्यक्रम शुक्रवार निजगढ नपा-९ का सरोकारवाला संस्थाहरूबीच गौरीशङ्कर क्याम्पसको सभाहलमा सम्पन्न भएको थियो ।

## जिप्रका, पर्सामा ई-पासपोर्ट वितरण शुरू

प्रस, वीरगंज, ९ पुस/

जिल्ला प्रशासन कार्यालय, पर्साले बिहीवारदेखि विद्युतीय राहदानी (इलेक्ट्रोनिक पासपोर्ट)को लागि आवेदन लिन शुरू गरेको छ ।



ई-पासपोर्ट प्रक्रियाबारे जानकारी गराउँदै प्राविधिक । तस्वीरः प्रतीक

मेशिन रिडेबल पासपोर्ट (एमआरपी)भन्दा विश्वसनीय रहेको ई-पासपोर्टबाट यात्रा विनाझन्झट सम्पन्न हुने बताइएको छ । सो पासपोर्टधारी लाइनमा बस्नुपर्ने झमेलाबाट समेत मुक्त हुने बताइएको छ । एमआरपी जस्तै देखिने ई-पासपोर्टमा विद्युतीय चिप जडान गरिएको हुन्छ । पासपोर्टमा खाली पाना मात्रा हुन्छन् । म्याद समाप्त भएमा चिपलाई मात्र फेरे पुग्ने प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए ।

उनले नेपाल सरकारले पहिलो चरणमा उपत्यकाबाहिर मकवानपुर, कास्की र पर्सामा ३४ पानासहितको ई-पासपोर्ट जारी गरेको बताए ।

यसभन्दा अघि पासपोर्ट बनाउन फाराम भर्नुपर्ने, ४५ दिनसम्म कुर्नुपर्ने तथा फाराम अस्वीकृत हुँदा झनै समस्या हुने गरेकामा अहिले घरमैं बसेर अनलाइन फाराम भर्न सकिने, राजस्व तिरेर ई-पासपोर्टको प्रक्रिया पूरा गर्न सकिने उनले बताए ।

ई-पासपोर्ट लिएका व्यक्ति अध्यागमन तथा बोर्डिङको लागि पास लिन लाइनमा बस्नु नपर्ने, चेकजाँचमा झमेला नहुने भएकोले यात्रा सुखमय हुने पासपोर्ट शाखाका प्राविधिक मन्दीप यादवले बताए ।

फाराम भर्न नसक्ने सेवाग्राहीलाई कार्यालयले फाराम भर्ने व्यवस्था मिलाएको उनले बताए ।

फाराम भरेपछि उनीहरूको मोबाइलमा कन्फर्मेशन नोटिस आउने प्राविधिक यादवले बताए । सेवाग्राहीले विद्युतीय राहदानीको आवेदनका लागि https://frtds.nepalpassport.gov.np मार्फत अनलाइन फाराम भरी जिप्रकामा उपस्थित भई आवश्यक प्रक्रिया पूरा गरेपश्चात् केही सातापछि जिप्रकामार्फत विद्युतीय राहदानी पाउन सकिने प्राविधिक यादवले बताए ।

## ७५ जना तेस्रोलिङ्गी/समलिङ्गी एचआइभी पोजिटिभ

प्रस, वीरगंज, ९ पुस/

पर्सा जिल्लामा ७५ जना तेस्रोलिङ्गीमा एचआइभी सङ्क्रमण पुष्टि भएको छ ।



सन् २०२१ जनवरीदेखि हाल डिसेम्बरसम्म ३८० जनाको परीक्षण गर्दा ७५ जना सङ्क्रमित पुष्टि भएको सहयात्री समाज नेपाल, पर्साका संयोजक सुरज लिम्बुले बताए । आज शुक्रवार समन्वय बैठकमा उनले सहयात्री समाजबाट गरिएको परीक्षणमा ६२ जना र अस्पतालले गरेको परीक्षणमा १३ जना गरी ७५ जना तेस्रोलिङ्गी सङ्क्रमित देखिएको बताए । समन्वय बैठकमा उनले एचआइभीको क्षेत्रमा विभिन्न दातृ संस्थाको सहयोगबाट निर्देशित काम गर्दै आएको जानकारी गराए ।

बैठकमा संयोजक लिम्बुले पर्सा जिल्लामा विभिन्न स्थानबाट स्थानान्तरण भई आएकासमेत जोड्दा ३० हजारजना तेस्रोलिङ्गी/समलिङ्गी रहेको दाबी गरे । उनले यसको यकीन तथ्याङ्क नभए पनि ३० हजारको हाराहारीमा तेस्रोलिङ्गी/समलिङ्गी रहेको अनुमान गरिएको बताए । सहयात्री समाजले तेस्रोलिङ्गीहरूलाई रोजगारको लागि ब्युटिसियनलगायतका तालीम दिंदै आएको तर त्यसमा आशाप्रदरूपमा परिवर्तन नभएको बताए । पर्सा जिल्लामा रहेका तेस्रोलिङ्गी/समलिङ्गीहरूको मुख्य पेशा अहिले पनि नाचगान नै भएको उनले बताए ।

बैठकमा पछिल्लो चरणमा पर्सा जिल्लाका तेस्रोलिङ्गी/समलिङ्गीहरू खेतबारीमा काम गर्ने, घर बनाउने कार्यमा संलग्न रहने, नाचगान गर्नेबाहेक यौनजन्य कार्यमा पनि बढी आकर्षित भएको र उनीहरूको संलग्नता बढेसँगै विकृति पनि बढेको सहभागीहरूले ध्यानाकर्षण गराएका थिए । तेस्रोलिङ्गीहरूको कारण वीरगंज महानगरका विभिन्न क्षेत्रमा यौनजन्य कार्य बढेको र लूटपाटका घटनामा वृद्धि भएको भन्दै सोको व्यवस्थापन गर्न सहयात्री समाजको ध्यानाकर्षण गराइएको थियो ।

कार्यक्रम संयोजक लिम्बुले स्रोत, साधनले भ्याएसम्म सचेतना अभियान गरिएको तर उपलब्धि हासिल हुन नसकेको स्वीकारे । उनले विभिन्न कारणबाट यौनजन्य कार्यमा संलग्नता बढेको र यसलाई नियन्त्रण गर्न नसकिएको बताए । उनले भने- सबैको स्वभाव परिवर्तन गर्न सम्भव छैन र अधिकतम प्रयासका बावजूद पनि यौन व्यापारबाट अलग्याउन सकेका छैनौं । यसका लागि महानगरलगायत पालिकाहरूको सहकार्य हुनुपर्नेमा उनले

(बाँकी अन्तिम पातामा)

खुल्यो ! खुल्यो !! खुल्यो !!!

हिमाल वाटर पार्क एन्ड भिलेज होटल
(क्लार्क रिसोर्ट)
गण्डक, बहुअरी, वीरगंज-१४, मो. ९८२२२७७३३३



## विचारसार र सूक्तिहरू

**व्यस्त मानिसलाई आँसु बगाउनको लागि अवकाश हुँदैन ।**

**–बायरन**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

# पार्टी छोड्ने र जोडिनेहरू

**चुनाव नजीकिँदै जाँदा पार्टी प्रवेशको लहर चल्छ । मुलुकमा बहुदलीय व्यवस्था पुनर्स्थापना भएदेखि नै हुर्किएको यो चलन सङ्घीय लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा झन् मौलाएको छ । चुनावताका राजनीतिक दलहरूको प्रचारबाजी सुन्ने हो भने मुलुकको जनसङ्ख्याभन्दा बढी मानिस पार्टी प्रवेश गरिसकेका छन् । यस्तो प्रचारमा सम्बन्धित पार्टीबाट प्रभावित समाचार संस्थाहरू कमर कसेर लागेका हुन्छन् । राजनीतिक दलहरू जब सिद्धान्तविहीन हुन्छन्, तब नेता–कार्यकर्ताहरू पार्टी छोड्ने र पार्टीमा आउने क्रममा तीव्रता चल्छ । सिद्धान्त हराएपछि राजनीतिक दलहरूको नाम मात्रै फरक हुने हो । कतिपयको त नाम पनि उस्तै हुन्छ । जुन पार्टीमा रहे पनि वा गए पनि पार्टीको लक्ष्य, नीति र सिद्धान्त फरक नपर्ने भएपछि नेता–कार्यकर्ताले किन एउटै पार्टीको झोला बोकिरहनुपर्‍यो त । जता आफूलाई सजिलो पर्छ, उतै उनीहरू नाच्न थाल्छन् । नीति–सिद्धान्त विहीन पार्टीमा नेता–कार्यकर्ताहरू अवसरवादी र मौकापरस्त हुँदै जानु स्वाभाविक हो । त्यसैले उनीहरू जुन पार्टीमा आफूलाई भरथेग गर्ने नेता बलिया छन्, त्यतै लहसिन थाल्छन् ।**

**अपवादबाहेक पार्टी प्रवेशमा मुख्यतः पद, प्रतिष्ठा र आर्थिक अवसरलाई हेर्ने गरेको पाइन्छ । सानो तहमा कार्यरत व्यक्तिलाई अर्को दलले उपल्लो तहमा स्थान दिन्छ भने पार्टी प्रवेश हुन्छ । त्यसैगरी, चुनावको टिकट सुनिश्चितता र कतिपय नेता–कार्यकर्ताहरू ठेक्कापट्टा एवं मुद्दा मामिला मिलाउन सहजताका लागि पनि जता अनुकूल त्यतै पार्टी प्रवेश गर्छन् । अर्कोतर्फ पार्टी परित्याग र प्रवेश पनि एक किसिमको लत हो । जीवनभर एउटै पार्टीमा आबद्ध रहनेहरू कैयन छन् भने महीनैपिच्छे पार्टी परिवर्तन गर्नेहरूको सङ्ख्या पनि ठूलो छ । सर्वसाधारण नागरिक हुन् या केन्द्रीय तहका नेता, जसलाई पार्टी परिवर्तनको लत लाग्यो, ऊ स्थिर रहन सक्दैन । केही समय पार्टी परिवर्तन गरिएन भने उसले आफूलाई अपुरो, अधूरो वा निष्क्रिय भए जस्तो महसूस गर्न थाल्छ । तर सैद्धान्तिक आधारमा पार्टी परिवर्तन गरेकाहरूमा भने यसो हुँदैन । सिद्धान्त विहीनताको अवस्थामा आज एउटा पार्टी छाडेकाहरू भोलि फेरि घुम्दै फिर्दै त्यही पहिलेकै पार्टीमा आइपुग्छन् । यो क्रम चलिरहने हुँदा पार्टी छोड्यो भनेर कसैले दुःख मान्नुपर्ने र आफ्नो पार्टीमा जोडियो भनेर कसैले खुशी मान्नुपर्ने अवस्था छैन ।**

**एउटा पार्टीले अरू पार्टीका नेता–कार्यकर्तालाई आफ्नो पार्टीमा प्रवेश गराइरहेका हुन्छन् भने अर्कोले उसको पार्टीका नेता–कार्यकर्ता भगाएर आफ्नो पार्टीमा प्रवेश गराइरहेका हुन्छन् । यसरी मौसम अनुसार पार्टी परिवर्तन गर्नेहरू वा पार्टीमा जोडिने र टुटाउनेहरूले मूल पार्टीको विकास र विस्तारमा भने खासै योगदान पुर्‍याउँदैनन् । केपी शर्मा ओली र प्रचण्डको पार्टी जोडिंदा अन्ततः दुवै पार्टीलाई घाटा नै बढी भयो । त्यसले मुलुकको राजनीतिमा नै अस्थिरता ल्याउने काम गर्‍यो । त्यसैगरी, जोडिएका उपेन्द्र यादव र डा बाबुराम भट्टराईबीच भुसको आगो बलिरहेको छ । महन्त ठाकुर र राजेन्द्र महतोबीचको अवस्था पनि त्यस्तै छ । योभन्दा धेरै मजबूत हिजो विपीको पार्टी थियो । मनमोहन भट्टराई र गजेन्द्रनारायण सिंहको पार्टी थियो । विकासको क्रममा उनीहरूसँग जति पक्ष जोडिए, उनीहरू स्पष्ट देखिने, सुनिने एवं बुझिने नीति र सिद्धान्तको आधारमा जोडिएका थिए । त्यसैले दीर्घकालीन रहयो र पार्टी सङ्गठन मजबुत थियो । आज उनीहरूकै इतिहास [redacted]को हालीमुहाली छ ।**

# खीष्टमस (बडा दिन): परमेश्वरको मुक्ति दिने योजनाको पूर्णता

खीष्टमस विशेष



डा पीटर कमलेश्वर सिंह

**उहाँ एक दिन फेरि आउनुहुन्छ तर त्यो दोस्रो आगमन उद्धारको लागि हैन, न्यायको लागि हुनेछ । बाइबल धर्मशास्त्रमा लेखिएको, "उद्धारको समय अहिल्यै हो ।" एकमात्र परमेश्वर र मानवबीचको एकमात्र उद्धारकर्ता येशूमा विश्वास गरेर मुक्ति पाउने समय अहिल्यै हो ।**

**परिचयः**

डिसेम्बर २५ का दिन विश्वव्यापीरूपमा खीष्टमस अर्थात् प्रभु येशू खीष्टको जन्मोत्सव मनाउने गरिन्छ । नेपालको परिप्रेक्ष्यमा मण्डलीको आरम्भसँगै हर्षोल्लासका साथ यस देशमा पनि प्रत्येक वर्ष अरू देशहरूमा जस्तै खीष्टमस मनाउन आरम्भ भएको हो । समय बित्दै जाँदा खीष्टमस मनाउने चलन पनि व्यापक हुँदै गइरहेको छ र वर्तमानमा यो मण्डली वा विश्वासी समुदायमा मात्रै सीमित रहेको छैन । प्रभु येशूमा व्यक्तिगतरूपमा विश्वास नगर्ने व्यक्ति वा समुदायले पनि उत्तिकै उत्साहका साथ खीष्टमस मनाइरहेका हुन्छन् । तारे होटलहरूमा यो प्रचलन पहिलेदेखि छँदै छ । पश्चिमी देशहरूमा त अक्टुबर महीनादेखि नै खीष्टमसको चहलपहल आरम्भ भइसकेको हुन्छ । मुख्य व्यापारिक केन्द्रहरू विशेष किसिमले सजाइएका हुन्छन् र स्कूल, कलेजहरूमा लामो बिदा दिइएको हुन्छ । त्यता सयौं वर्षदेखि चलिआएको प्रचलन अनुसार यो विशेष चाडको रूपमा मनाइन्छ । कति स्थानमा अत्यधिक मदिरासेवनले गर्दा खीष्टमसको दिन वर्षको सर्वाधिक दुर्घटना वा मृत्यु हुने दिनमा पनि परिणत हुने गरेको छ ।

मानिसको स्वभाव अनुसार सबै कुरा सांसारिक दृष्टिकोणले हेर्ने बानी रहेकोले खीष्टमसलाई पनि एउटा चाडको रूप दिने र सो अवसरमा खानपिन गर्दै मोजमस्ती गरेर बिताउने प्रचलन बढ्दै गइरहेको छ । प्रभु येशूको जन्म परमेश्वरको इच्छा र योजना अनुसार भएपनि यस अवसरलाई हेर्ने दृष्टिकोण र गरिने व्यवहारमा कुरीतिले स्थान पाउँदै गइरहेकाले यसको वास्तविक महत्त्व हराउँदै गइरहेको भान हुन्छ । यसै कारण यस लेखमा प्रभु येशू खीष्टको जन्मको उद्देश्य केलाउने प्रयास गरिएको छ ।

**पृष्ठभूमिः**

प्रभु येशूको जन्म आजभन्दा करीब २०२० वर्षअघि इस्राएल देशको यरुशलेम शहरनजीकै बेतलहेम गाउँमा रहेको एउटा गोठभित्र भएको थियो । बाइबल धर्मशास्त्रको नयाँ करारमा मत्ती रचित सुसमाचार र लुका रचित सुसमाचारका पुस्तकहरूमा उनको जन्मको विस्तृत विवरण दिइएको छ ।

पुरानो नियमको अन्तिम पुस्तक, मलाकी अगमवक्ताको पुस्तक लेखिएपछि नयाँ नियमको पहिलो पुस्तक मत्ती रचित सुसमाचारको आरम्भसम्मको ४०० वर्षको अन्तरालमा इस्राएल जाति वा यहूदीहरूको बीचमा परमेश्वरको कुनै पनि लिखित वा मौखिक सन्देश प्राप्त भएन । पुरानो नियमका ठूला–साना अगमवक्ताद्वारा मसीह वा खीष्टको आगमनसम्बन्धी गरिएका विभिन्न अगमवाणीहरू पूर्ण हुने आशा गरेर परमेश्वरका चेलाहरू पर्खिबसेका थिए । यस कारण एकमात्र जीवित परमेश्वरमा विश्वास गर्ने यहूदी जातिमा यो एउटा ठूलो आत्मिक सुखापनको समय थियो ।

जातिगत आधारमा मानवजातिलाई दुई श्रेणीमा वर्गीकरण गरिन्छ, यहूदी र गैरयहूदी (Jews & Gentiles) वा अन्य जाति । गैरयहूदी वा अन्य जाति समुदायमा इतिहास आफ्नै गतिले अगाडि बढिरहेको थियो । एसिरियन र त्यसपछि बेबिलोनको शासनको उत्थान र पतनपछि रोमी साम्राज्यको उदय भयो र युरोपका साथै एसियाको अधिकांश देशमा रोमले शासन गरिरहेको थियो । यसैबीच बुद्ध जन्मेको ५०० वर्ष बितिसकेको र अधिकांश एसियाली देशहरूमा बौद्ध धर्मको प्रचारप्रसार भइसकेको थियो । आखिरमा परमेश्वरले आफ्ना अगमवक्ताहरूद्वारा बोल्नुभएको वचन र गर्नुभएका प्रतिज्ञाहरू पूर्ण हुने समय आइपुगेको थियो ।

**प्रभु येशूको जन्मको उद्देश्य**

येशूको जन्मको उद्देश्यलाई हामीले विभिन्न दृष्टिकोणले हेर्न सक्छौं तर सबैभन्दा उपयुक्त दृष्टिकोण परमेश्वरको दृष्टिकोण हुन्छ । किनभने यस योजनाको योजनाकार उहाँ स्वयम् नै हुनुहुन्छ । उहाँको दृष्टिकोण उहाँको वचन अर्थात् बाइबल धर्मशास्त्रमा उल्लिखित छ । हामी



लुका रचित सुसमाचारका केही पद हेर्नेछौं, "तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसका निम्ति हुनेछ । आज दाउदको शहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्म भएको छ, जो खीष्ट प्रभु हुनुहुन्छ । तिमीहरूलाई चिन्हचाहिं यो हुन्छ, तिमीहरूले एउटा बालकलाई लुगाले बेरेको र डूँडमा सुताइराखेको भेट्टाउनेछौं ।"

तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पर्‍यो । परमेश्वरको स्तुति गर्दै तिनीहरूले भने, "सर्वोच्चमा परमेश्वरलाई महिमा र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ ।"

**तिनीहरूलाई शान्ति (२:१०–१४)**

स्वर्गदूतहरू परमेश्वरका विशेष दूतहरू हुन्, जसको काम, कर्तव्यमध्ये परमेश्वरको विशेष सन्देश मानिसलाई दिने हो, यस कारण बालकको रूपमा येशूको जन्म हुँदा स्वर्गदूतहरूको सक्रियतामा निकै वृद्धि भएको थियो र माथि उल्लिखित पदहरूमा परमेश्वरले गोठालाहरूलाई येशूको जन्मको उद्देश्यसहितको समाचार सुनाउन स्वर्गदूतहरूलाई पठाउनुभएको थियो ।

उपरोक्त पदहरूको विश्लेषण गर्दा हामी निम्नलिखित विशेष कुराहरू उल्लेख भएको भेट्टाउँछौं:

सम्पूर्ण मानव जातिको मुक्तिदाताको रूपमा प्रभु येशू खीष्टको जन्म भएको छ ।

यस घटनाले स्वर्गमा परमेश्वरको महिमा भएको छ ।

पृथ्वीमा रहेका यस्ता व्यक्तिहरू, जसले येशूमा विश्वास गर्नेछन्, परमेश्वरसँग मिलापमा (शान्ति) आउनेछन् ।

सम्पूर्ण मानव जातिको मुक्तिदाताको रूपमा प्रभु येशू खीष्टको जन्म भएको छ ।

मुक्ति भनेको के हो ? यस तथ्यलाई बुझ्यौं भने मुक्तिदाताको महत्त्व र आवश्यकता बुझ्न पनि सजिलो हुन्छ ।

सृष्टिको आरम्भमा पहिलो व्यक्ति आदम र उनकी पत्नीको रूपमा आदमकै करङ्गबाट बनाइएकी पहिली स्त्री हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरेका कारण पाप गरे र मृत्युको अधीनमा परे । यसको फलस्वरूप सम्पूर्ण मानव जाति (जो आदमका सन्तान हुन्)मा पाप र मृत्यु व्याप्त भयो । रोमी ५:१२ मा उल्लेख गरिए अनुसार, "एकजना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।" यसैले मानिसको रूपमा पाप गर्ने हाम्रो स्वभाव भएको छ । हामीले पाप गरेका कारण पापी ठहर्‍याइएका होइनौं तर पापी (पाप स्वभाव भएको) मानिस भएको कारण पाप गर्न बाध्य हुन्छौं । परमेश्वरको इच्छा सम्पूर्ण मानव जातिको लागि के हो भने प्रभु येशूमा विश्वास गरेर हामीले गरेका पापहरूबाट क्षमा पाऊँ र हाम्रो पाप स्वभावबाट पनि मुक्त हुन सकौं । यसै कारण प्रभु येशू यस संसारमा उद्धारकर्ता वा मुक्तिदाताको रूपमा आउनुभएको हो । जो उहाँले आफ्नो मृत्युद्वारा पूर्ण गर्नु भयो । जस्तो कि बाइबल धर्मशास्त्रमा लेखिएको छ, "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो (रोमी ५:८) ।

पापको कारणले परमेश्वरबाट टाढिएको मानव जाति प्रभु येशूको जन्म र मृत्युको कारण परमेश्वरसित मिलापमा आउन सम्भव भएको छ । मानव जातिको लागि यही आनन्दको सुसमाचार लिएर स्वर्गदूतहरू आएका थिए ।

**यस घटनाले स्वर्गमा परमेश्वरको महिमा भएको छ**

सृष्टिको मुख्य योजनाकारको रूपमा मानिसको लागि आरम्भमा परमेश्वरको योजना थियो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं । तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पालिने पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार प्राप्त गरून् ।" यसै कारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो ।

परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो ।

नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो । (उत्पत्ति १:२६–२७)

र मानिसलाई सोही अनुरूप सृष्टि गरिएको कुरा उपरोक्त पदहरूमा उल्लेख गरिएको छ । यहाँनिर दुष्ट या शैतानको उल्लेख्य भूमिका छ । किनभने परमेश्वरले दिनुभएका आज्ञाहरू तोडेर मानिसलाई पाप र मृत्युको अधीनतामा ल्याउन उसैले छल गरेको छ । यो घटना विस्तारमा हेरे राम्रो हुन्थ्यो तर यस लेखमा सम्भव देखिंदैन । यसमा महत्त्वपूर्ण कुरा के छ भने पापको कारण मानवजाति र परमेश्वरको बीचमा भय र अविश्वासको खाडल खन्न शैतान सफल भएको देखिन्छ । तर परमेश्वर यस्तो हुनुहुन्छ, जो आरम्भबाट नै अन्तसम्म हेर्न सक्नुहुन्छ र उहाँको सिद्ध योजना उहाँलाई नै थाहा छ, शैतानलाई वा मानिसलाई हैन ।

परमेश्वर पवित्र हुनुहुन्छ र मानिसलाई पनि पवित्र पार्ने उहाँको इच्छा हो । पवित्रता भनेको यस्तो अवस्था हो, जहाँ पापको अस्तित्व हुँदैन, र हामी सबैलाई उहाँले पापरहित बनाउने इच्छा गर्नुभएको छ । यसको साथसाथै परमेश्वर सिद्ध पनि हुनुहुन्छ । सिद्धता भनेको पवित्रताभन्दा पनि माथिल्लो अवस्था हो जहाँ पाप के हो ? सो थाहा पाएर स्वेच्छाले पापलाई यसका सबै आकर्षणसहित जरादेखि नै निर्मूल गरिएको हुन्छ । परमेश्वरको इच्छा हामी पवित्र मात्र हैन तर सिद्ध पनि होऊँ भन्ने हो ।

प्रभु येशूको जन्म र क्रूसको मृत्युको कारणले मानिसको लागि पापको क्षमा पाउन र पाप स्वभाव निर्मूल पार्न सम्भव भएको छ । यो सिद्धताको आरम्भ हो र येशूमा विश्वास गरी आज्ञाकारी र समर्पित जीवनद्वारा क्रमिकरूपमा सिद्धतातर्फ अघि बढ्दै गरिन्छ ।

प्रभु येशूको जन्मले स्वर्गमा परमेश्वरको इच्छा पूर्ण भए जस्तै यस पृथ्वीमा पनि उहाँको इच्छा पूर्ण हुने सम्भावना भएकोले परमेश्वरको महिमा भएको छ ।

पृथ्वीमा रहेका यस्ता व्यक्तिहरू जसले येशूमा विश्वास गर्नेछन्, परमेश्वरसँग मिलाप (शान्ति)मा आउनेछन् ।

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६) ।" उपरोक्त पदमा मानव जातिको लागि रहेको परमेश्वरको प्रेम र त्यसको फलस्वरूप येशूलाई यस संसारमा बलिदान हुनका लागि दिइएको कुरा उल्लेख छ । उद्देश्य के छ भने उहाँ (येशू)माथि विश्वास गर्ने कोही पनि नाश नहोस् अर्थात् नर्क जान नपरोस् तर अनन्त जीवन पाओस् । नर्क जानु भनेको परमेश्वरदेखि टाढा जानु हो । अनन्त जीवन पाउनु भनेको मृत्युमाथि विजय पाउनु हो र सधैंभरिको लागि परमेश्वरको उपस्थितिमा वा स्वर्गमा बस्नु हो । यो नै परमेश्वरसँग मिलाप हो । "यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई खीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो (२ कोरिन्थी ५:१८) । यस प्रकार सृष्टिको आरम्भमा पहिलो मानिस आदमद्वारा आरम्भ भएको पाप र त्यसको फलस्वरूप व्याप्त भएको मृत्यु र अलगावको खाडल दोस्रो मानिस येशूद्वारा नष्ट गरी पापको क्षमा, पाप स्वभावलाई निर्मूल गर्न र परमेश्वरसित मिलाप या शान्ति सम्भव भएको छ ।

**सारांश**

उपरोक्त पङ्क्तिहरूमा धर्मको कुरा गरिएको छैन । प्रभु येशू कुनै धर्मको प्रवर्तक हुनुहुन्न । उहाँले परमेश्वरको राज्यको प्रचार गर्नुभएको हो । आफ्नो व्यक्तिगत जीवनको पवित्रता र आश्चर्य कर्महरूद्वारा परमेश्वरको राज्य र त्यसको सामर्थ्यको प्रदर्शन गर्नुभयो । उहाँ मानव जातिको पापमोचनको लागि मानवरूप लिएर जन्म लिनुभएको र सबै पाप आफूमाथि लिएर क्रूसको मृत्यु मर्नुभएको हो । तेस्रो दिनमा बौरी उठ्नुभएको येशू अहिले प्रभुहरूका महाप्रभु र राजाहरूका महाराजाको रूपमा परमेश्वरको दाहिने बाहुलीमा विराजमान् हुनुहुन्छ । उहाँ एक दिन फेरि आउनुहुन्छ तर त्यो दोस्रो आगमन उद्धारको लागि हैन, न्यायको लागि हुनेछ । बाइबल धर्मशास्त्रमा लेखिएको, "उद्धारको समय अहिल्यै हो ।" एकमात्र परमेश्वर र मानवबीचको एकमात्र उद्धारकर्ता येशूमा विश्वास गरेर मुक्ति पाउने समय अहिल्यै हो ।

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७८ पुस १० गते शनिवार | 2021 December 25 Saturday | ३


# अद्‌भुत र आश्चर्यसित एक साक्षात्

स्वान्तः सुखाय




सञ्जय मित्र

mitrasanjay41@gmail.com


**यात्राको गन्तव्यमध्ये एकमा आगराको तालमहलको दर्शन पनि राखेकामा अहिले सुखानुभूति भइरहेको छ। यस्तो लागिरहेको छ, सबै यात्राको थकान मेटिसकेको छ र सबै भ्रमणको सार यही नै हो। एकछिन यस्तो लाग्दछ, सम्पूर्ण भ्रमणहरूको सर्वोच्च प्राप्ति यही हो। भ्रमणहरूको पूर्णविराम यही हो।**

अघिसम्म तँछाडमछाड गर्ने कथित गाइडहरू अलप भएका छन्। पसलमा पुऱ्याएपछि अलप हुनुपर्ने कारण चाहिं अर्को ग्राहकको खोजी हो। कम्तीमा आधा घण्टा त पसलमा लागिहाल्छ भन्ने अनुमान तिनीहरूको हुँदोरहेछ। पसलबाट निस्कँदा नभन्दै पौने एक घण्टा भइसकेको रहेछ। ऊ टुप्लुक्क आइपुग्छ। घुमाएर अगाडि बढ्न खोज्छ र अर्को कसैलाई तारन्तार फोन गरिरहेको छ। उसलाई भनेको ठाउँमा भेट्टाउँछ र हाम्रो स्कार्पिओमा बसाल्छ। अनि ताजमहल घुमाउने मुख्य गाइड भनेर हामीलाई भन्दै ऊ फेरि अलप हुन्छ। उसले हामीलाई यति भनेको हुन्छ– ताजमहल पूरै घुमाइदिएपछि पचास रुपैयाँ दिनू।



तस्वीरः लेखक

अनलाइन टिकट किनिएको छ। समूहबाट हुने काम प्रायः सबै समूहकै रकमबाट हुने गर्छ। हामी पाँच सय वा एक हजारको दरले पैसा एक ठाउँमा जम्मा पार्छौं र खर्च हुँदै गर्छ।

सुरक्षाका सबै मापदण्ड अपनाइएका छन्। चेकजाँच राम्ररी गरिन्छ। प्रवेशस्थलमा सुरक्षाको निकै राम्रो प्रबन्ध छ। जाँचस्थलबाट भित्र गएपछि भने अलिक हिंड्नुपर्छ। हिंड्न नसक्ने वा हिंड्न नचाहनेले सानो अलग्गै किसिमको गाडीमा बसेर जान सक्छन्। यो पर्यटकीय रिक्शाजस्तै हो वा बस जस्तै हो तर राम्रो छ। यद्यपि महँगो भने रहेको छ तर पर्यटकीयस्थल भन्नु नै महँगो हुने गरेको सबैले बुझेकै छौं।

भित्र जहाँसम्म जानुपर्ने हो, त्यहाँ गएर रोकिन्छौं र ओर्लन्छौं अनि ताजमहलको भित्री मुख्यद्वारतर्फ अगाडि बढ्छौं। मुख्यद्वारभन्दा अगाडिको पक्की चौरलाई देखेरै आनन्दित हुन्छौं। नजीकैको मूल ठूलो द्वारबाट भित्र जानलाई एकातिर मन आतुर छ भने अर्कोतिर यहाँको दृश्यमा नै एकछिन रमाउन पाए हुन्थ्यो भन्नेजस्तो भइरहेको छ। त्यहाँ आएर घरीघरी क्यामराम्यानहरूले फोटो खिचाउनको लागि सोध्न आएर सताएको जस्तो लागेको छ। हामीसित मोबाइल छ। मोबाइलविना कोही पनि छैनौं र म त झन् यही यात्राको लागि भनेर नयाँ मोबाइल लिएर आएको छु। मैले चलाइरहेको मोबाइलले राम्रै काम गरेको थियो तर फोटोमा केही समस्या थियो। जब वृन्दावन र आगराजस्तो ठाउँमा पुग्दैछु त राम्रो फोटो आउने एउटा मोबाइल त बोक्नुपर्छ भन्ने लागेको थियो। मोबाइलका कतिपय फोटो त अन्य कामको लागि पनि काम लागिहाल्छ।

क्यामराम्यानहरूलाई पन्छाउँदै अगाडि बढेर प्रवेश गर्दछौं र दर्शन हुन्छ एउटा अद्‌भुत आश्चर्यको। हो, त्यही अद्‌भुत आश्चर्य जो विश्वका आश्चर्यमा परेको छ। हामी त्यसको अगाडि छौं, त्यो हाम्रोअगाडि छ। एकअर्काका सम्मुख छौं। मनमा यस्तो अनुभूति हुन्छ– आजको यही भेटको लागि मलाई धेरै दिनदेखि पर्खिरहेको छ, ताजमहल। मेरो प्रतीक्षा युगौंदेखि गरिरहेको ताजमहलले आज मसित साक्षात्कार गर्ने अवसर पाउँदैछ। मेरो मनमा पनि धेरै वर्षदेखि यही उम्रेको थियो कि एक दिन त्यो पल आउला, जब हामी एकअर्कालाई निहारिरहेका हुनेछौं।

आँखा जुधेपछि त ओठमा मुस्कान आइहाल्छ नि। मेरो आँखामा आँखा जुधाउन नसकेर अलिकति लजाएको जस्तो गरेर ताजमहलले उतातिर आँखा फर्काएको मलाई औधी मन परेको छ। थोरै मात्र बादलले सूर्यलाई छेक्दाको दृश्यले ताजमहललाई घुम्टो ओढेर लाज मानेको बनाइदिएको छ। फेरि कर्के आँखाले देखेजस्तो गर्दछ र बिस्तारै फेरि



ताजमहलको छेउबाट बग्दै गरेको यमुना नदी। तस्वीरः लेखक

झलमल्ल हाँसो खुल्छ सर्वाङ्ग। आहा, अद्‌भुत सुन्दरतामा नुहाएको ताजमहलको शरीर साँच्चै परबाट हेर्दा कति कोमल छ, त्यो अवर्णनीय छ।

अलिकति परैबाट जति अद्‌भुत सुन्दर देखिन्छ ताजमहल, अझ नजीक पुग्न त्यत्तिकै हतार हुन्छ तर त्यहाँको संरचना यस्तो छ कि नजीक पुग्नुभन्दा पहिले आफूलाई लाग्छ कि सबै फोटो खिचिहालूँ। कहाँ कहाँ फोटो खिचूँ। हो, फोटो खिच्ने पर्याप्त ठाउँ बनाइएका छन्। एक साथ यताउति सयौं मानिस फोटो खिचिरहेका छन्। कतिपयले सेल्फी लिइरहेका छन् र एकअर्काको फोटो खिच्ने त कति छन् कति। सबैले पृष्ठभूमिमा ताजमहललाई पारिरहेका छन्। यहाँ आएर ताजमहलविनाको फोटो खिच्न कसैको कल्पनामा पनि नआउँदो होला।

कहाँ पुगूँ र कस्तो फोटो खिचूँ भन्ने भइरहन्छ। कतिवटा फोटो खिचिएछ भन्ने कुराको सम्झना कसैलाई कहिल्यै हुँदैन। कुन ठाउँमा कस्तो पोजको फोटो खिच्दा अझ राम्रो आउला भन्ने मात्र भइरहन्छ। सबैले यही गरिरहेका हुन्छन्। कोही पनि मोबाइल वा क्यामरा विना हुँदैनन्। एक साथ हजारौं मानिस डुलिरहेका हुन्छन्। ठूलो र फराकिलो ठाउँ छ। ताजमहलको चारैतिर घुम्ने ठाउँ छ। मुख्यगरी पूर्व, दक्षिण र उत्तरतिर मानिसहरू घुमिरहेका हुन्छन्, बसिरहेका हुन्छन्। यमुनाको किनारमा बसेर तालमहल र यमुनालाई हेर्दै कविता रच्नेहरू पनि कति हुन्छन्। मलाई पनि एकजनाले फोनमा भनेको सम्झना हुन्छ– त्यहाँ बसेर एउटा कविता लेख्नुहोला। मैले भनेको थिएँ– हो, तालमहलअगाडि बसेर कसैलाई सम्झँदै कविता लेख्छु। मैलेचाहिं त्यसरी जिस्केर भनेको थिएँ। यहाँ आएर त्यो कुराको सम्झना त हुन्छ तर ताजमहलअगाडि बसेर कविता लेख्ने मन अलिकति पनि हुँदैन। वास्तवमा लाग्छ ताजमहल आफैंमा सुन्दर कविता हो र तालमहलअगाडि उभिएको म आफैंमा सुन्दर कविता हुँ।

आठजनाको हाम्रो समूहमा को कता र कसरी डुलिरहेका छन् भन्ने कुराको हेक्का नै हुँदैन। म त साहित्यकार साथी किशुनदयाल श्रीकृष्णसित छु। हामी दुवैजनाले एकले अर्काको फोटो खिचिरहेका छौं र आफ्नो मोबाइलमा सेल्फी पनि लिइरहेका छौं।

रौतहटबाट करीब पौने नौ सय किलोमिटरको ताजमहल परिसरमा निर्बाध डुलिरहँदा भोक र प्यास केहीको अनुभूति छैन। यमुनाको छेउमा उभिएर एकचोटि आगरा शहरलाई पनि निहार्छु। यमुना नदीले बनाएको जमीनको होचो भाग भएर केही पर अग्ला महलहरू देखिइरहेका छन् तर नजरलाई धेरै बेर तानिरहन सफल हुँदैन। यहाँ नजीकको ढोल नै सुहावन लागिरहेको छ। वास्तवमा यति नजीक छ ताजमहल भने कतै टाढा देखिने कुनै सुन्दरताको कुनै अर्थ रहन्छ त ? मनले नै मान्दैन। ताजमहलको कताबाट के फेरि के के हेरिरहूँ भन्ने भइरहन्छ। हेरिरहनुको आनन्द त हेर्नेलाई मात्र थाहा हुन्छ। हेरेर नअघाउने मन जो छ। मनमा जति राखे पनि मनको कुनै कुनामा भरिएको अनुभूति नहुने अद्‌भुत आश्चर्य जो छ सम्मुख।

यहाँ नेटवर्क धेरै कमजोर छ। कारण यो पनि छ कि एकपटकमा हजारौंले प्रयोग गरिरहेका छन्। यद्यपि आफू हेर्दै र रमाउँदै केही मानिसलाई चाहन्छु यहाँको प्रत्यक्ष भिडियो देखाउन र आफूले गरिरहेको अनुभूति वर्णन गर्न। केही साथीसित सम्पर्क पनि हुन्छ, देखाउँछु पनि र केही साथीसित चाहेर पनि सम्पर्क हुन सक्दैन। अहिले अलिकति मनमा खल्लो लाग्छ। धेरैलाई जानकारी होओस् भनेर केही थान ताजा फोटाहरू सामाजिक सञ्जाल फेसबूकमा सार्वजनिक पनि गर्छौं।

साँच्चै, एक अद्‌भुत र आश्चर्यको दर्शन गरेर जे आनन्द प्राप्त भएको छ वा जे अनुभूति प्राप्त हुन्छ, त्यसलाई केवल अनुभूतिले मात्र बुझ्न सक्छ।

यात्राको गन्तव्यमध्ये एकमा आगराको तालमहलको दर्शन पनि राखेकामा अहिले सुखानुभूति भइरहेको छ। यस्तो लागिरहेको छ, सबै यात्राको थकान मेटिसकेको छ र सबै भ्रमणको सार यही नै हो। एकछिन यस्तो लाग्दछ, सम्पूर्ण भ्रमणहरूको सर्वोच्च प्राप्ति यही हो। भ्रमणहरूको पूर्णविराम यही हो।

# परालको ओछ्यान र तरईमा निर्भर उहिलेको जाडोयाम

सरोकार




राजेश मिश्र

rajesh560107@gmail.com


**आज विविध संसाधनका बावजूद अपवादबाहेक गहिरो निद्रा कि त छैन, यदि छ भने औषधिमा आधारित छ। उहिले परालको ओछ्यान र चटाईमा निर्भर त्यो जाडोयाम आज हिटरलगायतका विविध संसाधन उपभोग गरिरहेका पुस्तालाई आश्चर्यजनक लाग्न सक्छ।**

'बिछावना बडी महकता हो' अर्थात् ओछ्यान बडो गन्हाइरहेको छ भन्दै पतिले पत्नीसँग गुनासो पोखिरहेका थिए। पत्नीले प्रतिउत्तरमा भनिन्, "अब का करेम त, जाड के मारे लइका पैखाना/पेशाब कर देले बा' अर्थात् अब के गर्नुहुन्छ त, चीसो लागेर बच्चाले दिसा/पिसाब गरिदियो।



तस्वीरः लेखक

पराल



नियारी



तरई (चटाई)।

मस्त निद्रामा सुतिरहेका बेला बालकर्तुतको दुर्गन्ध, जब नाकले सहन सक्दैन, तब निद्रा नखुल्ने कुरै हुँदैन। स्मरण गरियो भने उपरोक्त संवादका पात्रहरूमध्ये बच्चा वा अभिभावकको रूपमा पात्र आफैंभित्र भेटिन्छ। जाडोयामको बाल्यकालीन कारनामा याद गर्ने प्रयास गरियो भने मुहारमा मुस्कान नआउने कुरै हुँदैन। उहिले प्रायःजसो फुस र खपडाको घर भएकाले हावा र हुस्सुको प्रवेश पूर्णतः निषेध गर्नु असम्भव थियो। जाडो लाग्थ्यो र बच्चाहरू ओछ्यानमैं मलमूत्र विसर्जन गर्न भ्याउँथे।

पुस जाडोयामको मध्य महीना हो। खरमास महीना भएकोले वैवाहिक, धार्मिक र सांस्कृतिक उत्सवहरू अपवादबाहेक ठप्प रहन्छ। कृषि कार्यबाहेक आम जनजीवन प्रायःजसो फुर्सतिलो नै पाइन्छ। पुस महीनामा बाक्लो हुस्सुसँगै कठ्याङ्ग्रिदो चीसो हुने भएकोले जीउ जोगाउनु धेरै चुनौतीपूर्ण हुन्छ। जाडोयाममा शहरभन्दा गाउँको माहोल रातिको ८ नबज्दै सुनसान हुन्छ। उहिलेको कुरा गर्ने हो भने ग्रामीण क्षेत्रमा बिजुलीबत्तीको नामोनिशान थिएन। मटीतेलबाट बल्ने बत्ती नै उज्यालो प्रदान गर्ने प्रमुख स्रोत थियो। जनघनत्व, सवारीसाधनको चाप र व्यावसायिक कारोबार पनि आजको जस्तो थिएन। कृषि कर्म नै प्रमुख थियो। धानको 'दवनी' (दाइँ) केवल गोरुमा निर्भर थियो। मङ्सिरदेखि माघसम्म धानको दाइँ हुन्थ्यो। शीतलहरको प्रकोपबाट बच्ने र बचाउने संसाधन स्थानीय स्रोत र साधनबाट पूर्ति गर्नुको विकल्प थिएन।

शरीरलाई न्यानो पार्नका लागि बूढापाखाहरू कुर्ताका कयौं परत शरीरमा चढाउँथे। बच्चाहरू गाती, वयस्कजन कम्बल र महिलाहरू चादरले शरीर ढाक्थे। पशुहरूका लागि तरई वा जुटको बोरा जाडो छल्ने संसाधन थियो। 'पुवरा' (पराल) पशुका लागि आहार र 'नियारी' (धानको डाँठ) घर छाउने संसाधनका साथै जाडो छल्ने जुगाड पनि हो। महिलाहरूको दिनचर्या भान्साबाहेक तरई बुन्ने र गुदरा सिउने कार्यमा व्यस्त हुन्थ्यो। ऊनको सहजता बढेपछि सुइटर बुन्ने कार्यप्रति पनि महिलाहरूको आकर्षण आबद्ध भयो। उहिलेको त्यो आवश्यक व्यस्तता अपवादबाहेक अहिले देखिंदैन।

नियारीले निर्मित संसाधनलाई 'तरई' तथा 'गोन'ले निर्मित संसाधनलाई 'गोनर' भनिन्छ। यी दुवै संसाधन बिछ्याउन वा ओढ्ने काममा प्रयोग गरिन्थ्यो। उहिले धनी र गरीब सबैका लागि उपयोगी परालको ओछ्यान र तरई नै जाडो छल्ने सर्वोत्तम उपक्रम थियो। पुर्खाहरूले परालको ओछ्यानमा तरई ओढेर जाडोयाम कटाउँथे। धेरैपछि शहरमा सिरकको विस्तार देहातमा पनि हुन थाल्यो। त्यसपछि छोराछोरीको बिहेमा चौकी, गुदरा र तरईको सट्टा क्रमशः पलङ्, सिरक, कुर्सी आदि माग्ने/दिने प्रचलन बढ्दै गयो। उहिले कात्तिक र मङ्सिरमा 'गौना' हुन्थ्यो। गौनाको बेला डोलीमा रुँदै गइरहेकी दुलही र सनेससँगै पलङ्, कुर्सी, सिरक आदि बयलगाडामा लादिएको दृश्य आम थियो।

जाडोयाममा नवदम्पतीको वैवाहिक जीवन नयाँ ओछ्यानसँगै शुरू भए तापनि परिवारका अन्य सदस्यका लागि परालको ओछ्यान नै विकल्प थियो। दुलहीसँगै आधुनिक ओछ्यानको रूपमा सिरक भित्रिने क्रमसँगै परालको ओछ्यान र चटाई बूढापाकाहरूमा सीमित हुन थाल्यो। कैयौं पुस्तापछि अहिले परालको ओछ्यान अपवादबाहेक बिदा भइसकेको अवस्था छ। वर्तमान परिप्रेक्ष्यमा जाडोयाममा प्रयोग गर्ने विविध आधुनिक संसाधन उपलब्ध छन्। यद्यपि शासन व्यवस्था जतिपटक परिवर्तन भए तापनि देहातमा अहिले पनि बहुतायत विपन्न परिवार छन्, जो पराल र चटाईको न्यानोमा आश्रित छन्। आज जाडो छल्ने संसाधन कसैसँग फालाफाल छ त कोही जाडो सहन नसकेर मृत्युवरण गर्न बाध्य छन्।

उहिले कठ्याङ्ग्रिदो जाडोमा कुर्ता, घुँडासम्म धोती र खाली खुट्टामैं खेत र खलियानको चक्कर काट्नु देहातीजनको दैनिकी थियो। कृषिमा समर्पित देहातीजनसँग शरीर ढाक्ने संसाधन बढीमा एउटा ओढ्ने चादर वा कम्बल हुन्थ्यो। उतिबेला 'भेडीयही कम्बल' अर्थात् भेंडाको रौंबाट निर्मित कम्बल असाध्यै प्रचलित थियो। उक्त कम्बल खरीद गर्नु सबैको आर्थिक क्षमताभित्र थिएन। अपवादबाहेक सुत्ने संसाधनमा काठको खाट मात्र उपलब्ध थियो। पलङ्ग त साहु महाजनबाहेक सामान्य परिवारको लागि दुर्लभ वस्तु नै थियो। यद्यपि सुत्ने र ओढ्ने चाँजोपाँजो मिलाउने सवालमा पुर्खाहरू अत्यन्तै विवेकशील थिए। जुटको बोराले आवश्यकता अनुसारको आकारमा खोल तयार पारिन्थ्यो। त्यसैभित्र मनग्ये पराल ठुसेर झन्डै एक फिट वा सोभन्दा मोटो परालको ओछ्यान बनाइन्थ्यो। उक्त परालको गद्दा खाटमा त राखिन्थ्यो नै बढी मानिस अट्ने भएकाले खासगरी ओछ्यान भुइँमा राखिन्थ्यो। सोमाथि 'नियारी'ले निर्मित 'चटाई' र 'गुदरा' (पुरानो सारी र धोतीको कैयौं तह सिलाएको) हुन्थ्यो। उपलब्धताको आधारमा गुदरामाथि पनि सारी वा मरदानीकै तन्ना ओछ्यानको अन्तिम सुन्दरता थियो।

उहिले जाडोयाममा सबैभन्दा कठिन परिस्थिति त्यति बेला उत्पन्न हुन्थ्यो, जब घरमा पाहुनाहरूको आगमन हुन्थ्यो। खाने र सुत्नेभन्दा पनि ओढ्ने संसाधनको व्यवस्था गर्नु सबैभन्दा तनावपूर्ण काम थियो। किनभने ओढ्ने संसाधन सबैको आआफ्नो परिवारमैं जसोतसो पुग्ने अवस्था थियो। पाहुना आएका बेला ओढ्ने संसाधन छिमेकीहरूबाट सहयोग नलिई साध्य थिएन। छिमेकीको घरमा पनि पाहुना आएका रहेछन् वा बढी छैन भने आफैसँग उपलब्ध साधनस्रोत नै अन्तिम विकल्प हुन्थ्यो। सीमित संसाधनले अधिकतम लाभ लिने प्रक्रियामा पुर्खाहरू अब्बल थिए। सर्वप्रथम पाहुनाहरूका लागि छुट्याइन्थ्यो। त्यसपछि घरका सबै पुरुष एक कोठामा तथा महिलाहरू अर्को कोठामा सुत्ने प्रबन्ध मिलाइन्थ्यो। सिरक छोटो भएमा कहिलेकाहीं मनोरञ्जनयुक्त वातावरण पनि बन्दो रहेछ। जाग्राम अवस्थामा रहँदासम्म सिरक सबैजनालाई पुग्छ। गहिरो निद्रा लागेपछि अचेत मुद्रामा सिरक आफूतिर तान्ने होड शुरू हुन्थ्यो। ओछ्यानको किनारामा सुत्ने व्यक्तिलाई जब चीसो लाग्थ्यो, तब ऊ अचेत अवस्थामा सिरक आफूतिर तान्थ्यो। अर्कोतर्फको किनारामा सुत्ने व्यक्ति उघारै हुन्थ्यो र चीसो लाग्न थालेपछि सिरक पुनः आफूतिर तान्थ्यो। यसरी सिरक तानातानको सिलसिला धेरैबेरसम्म चल्थ्यो र अन्ततोगत्वा निद्रा भङ्ग हुन्थ्यो। त्यसपछि उज्यालो नहुन्जेलसम्म हाँसो र ठट्टा चलिरहन्थ्यो।

हाम्रा पुर्खाहरूले चीसोबाट बच्नका लागि फुस र खपडा जस्तो घरमा न्यानो

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–५७


अब म क्रोधले मुर्मुरिएर छानीछानी वीरहरूको वध गर्नेछु, अनि दुर्योधनलाई भ्रम हुनेछ– अरे, यस भूलोकमा त दुई/दुई वटा अर्जुन छन्। महात्मा पाण्डवहरूप्रति मेरो जुन भक्ति र प्रीति छ, त्यसलाई यी राजाहरूको सामु सहस्त्रौं वीरहरूलाई संहार गरेर प्रकट गर्नेछु । आज कौरवहरूले मेरो बल–वीर्य र कृतज्ञताबारे थाहा भइहाल्दछ ।

राजन्, यस प्रकार कम्बोज, यवन र शकहरूको दुर्जय सेनालाई धपाएर सात्यकि तपाईंका पुत्रहरूको सेनामा छिरेर उनीहरूलाई परास्त गरी सारथिलाई रथ अगि बढाउने आदेश दिए । उनलाई अर्जुनसमक्ष पुगेको हेरेर तपाईंका सैनिक तथा चारणहरूले बडो प्रशंसा गर्न थाले । यत्तिकैमा तपाईंका पुत्र दुर्योधन, चित्रसेन, दुश्शासन, विविंशति, शकुनि, दुस्सह, दुर्धषण र क्रथले पछाडिबाट आएर उनलाई घेरामा पारे । पुरुषसिंह सात्यकिलाई यसबाट अलिकति पनि भय भएन र उनी अर्जुनभन्दा पनि राम्रो कुशलता प्रदर्शन गर्दै उनीहरूसित युद्ध गर्न थाले । अब राजा दुर्योधनले तीनवटा बाणले उनको सूत र चारवटा बाणबाट चारवटै घोडालाई घाइते पारी सात्यकिमाथि पहिला तीनवटा पछि आठवटा बाणबाट वार गरे तथा दुश्शासनले सोऱ्हवटा, शकुनिले पच्चीसवटा, चित्रसेनले पाँचवटा र दुस्सहले पन्ध्रवटा बाणबाट उनीमाथि वार गरे। यो हेरेर मुस्काउँदै सात्यकिले ती जम्मैजनालाई तीन/तीन वटा बाण हानेर घाइते पारिदिए । फेरि शकुनिको धनुषलाई काटेर तीनवटा बाणबाट दुर्योधनको छाती ताकेर वार गरे तथा चित्रसेनमाथि एक सयवटा, दुस्सहमाथि दशवटा र दुश्शासनमाथि बीसवटा बाण हानेर घाइते पारिदिए। यसपछि उनले प्रत्येक वीरमाथि पाँच/पाँच वटा बाण अझ हाने तथा भल्ल नामक अस्त्रबाट दुर्योधनको सारथिमाथि प्रहार गरे । यसबाट सारथि प्राणहीन भई रथबाट तल खस्यो। सारथि मारिएपछि रथका घोडाहरू बेलगाम भई यताउति भाग्न थाले। यसै प्रकार घोडाहरूले त्यस रथलाई संग्रामभूमिबाट बाहिर लगे। यो हेरेर तपाईंका अन्य पुत्रहरू र अन्य सैनिकहरू पनि युद्धमैदान छाडे भागे। यस प्रकार तपाईंका सेनालाइ यत्रतत्र छिन्नभिन्न पारी उनी फेरि अर्जुनको रथतिर हानिए।



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

उनी अलिक अगि बढेका मात्र थिए कि दुर्योधनको आज्ञाबाट संशप्तकहरूसहित ती सबै योद्धा फेरि फर्किआए। स्वयम् दुर्योधन उनीहरूको अगि थिए। उनको साथमा तीन हजार घोडचढी तथा शक, काम्बोज, बाल्हीक, यवन, पारद, कुलिन्द, तङ्गण, अम्बष्ठ, बर्बर र पार्वतीय योद्धाहरू हातमा ढुङ्गा लिएर बडो क्रोधित अवस्थामा सात्यकितिर दौडे। दुश्शासनले 'यसलाई मारिहाल' भन्दै सबैलाई उत्साहित पारे तथा सात्यकिलाई चारैतिरबाट घेरामा हाले। यतिबेला हामीले सात्यकिको अद्‌भुत पराक्रम हेऱ्यौं। उनी एक्लै ती सबैका साथ संग्राम गरिरहेका थिए। रथसेना, गजसेना, घोडचढी सेनासहित ती सबै अनार्यहरूको संहार गर्दै गइरहेका थिए। मारबाट बच्नको लागि उनीहरू भाग्दै गर्दा दुश्शासनले– हरे, किन भागिरहेका छौ ? तिमीहरू त ढुङ्गा हान्नमा खप्पिस छौ, सात्यकि त यसबाट सर्वथा अनभिज्ञ छ। त्यसैले तिमीहरूले ढुङ्गा हानेर उसलाई मारिदेऔ । यो सुनेर उनीहरू फेरि सात्यकिमाथि जाइलागे र हात्तीको शिरको समान ठूल्ठूला ढुङ्गा लिएर उनको सामु आए । उनीहरूलाई शिलायुद्ध गर्ने इच्छाबाट आएको हेरेर सात्यकिले बाण वर्षा गर्न थालिहाले। फेरि उनीहरूले जुन भयङ्कर पाषाण वर्षा गरे त्यसलाई सात्यकिले आफ्नो बाणबाट छिन्नभिन्न पारिदिए। ती टुक्रिएका ढुङ्गाहरूबाट तपाईंकै सेना मर्न थाले र उनीहरूबीच हाहाकार मच्चियो। कुरै कुरामा पाँच सय शिलाधारी वीरहरू आफ्नो भुजा काटिएको कारणले प्राणहीन भई भुइँमा लडे ।



अब अनेकौं व्यात्तमुख, अयोहस्त, शूलहस्त, दरद, तङ्गण, खस, लम्पाक र कुलिन्द योद्धाहरू सात्यकिमाथि ढुङ्गा वर्षाउन थाले। युद्ध कुशल सात्यकिले बाणको ओइरो लगाइदिएर तिनीहरूका ढुङ्गालाई टुक्राटुक्रा पारिदिए। ती ढुङ्गाका टुक्राहरू बारुलोको डङ्कझैं उनीहरूको शरीरभित्र छिर्दथे। त्यसबाट पीडित भएर मानिस, हात्ती र घोडाहरू संग्रामभूमिमा टिक्न सकेनन्। जुन हात्ती मर्नबाट बाँचेका थिए, तिनीहरूको आङ रगताम्यै हुन पुग्यो तथा उनीहरूको मस्तकको हाड भाँचियो। तपाईंका जुन पुत्रहरू सात्यकिसित लड्न आएका थिए, उनीहरू पनि सात्यकिको मारबाट आत्तिएर द्रोणाचार्यजीको सेनामा गई मिसिए तथा जुन रथीहरूलाई लिएर दुश्शासनले सात्यकिमाथि धावा गरेका थिए, ती जम्मै पनि भयभीत भएर द्रोणाचार्यको रथतिर दौडिए।

सञ्जयले भने– राजन्, आचार्यले दुश्शासनको रथलाई आफ्नोछेउमा उभिएको हेरेर द्रोणाचार्यले दुश्शासनसित भन्न थाले– दुश्शासन, यी जम्मै रथीहरू किन भाग्दैछन् ? राजा दुर्योधन त कुशलतापूर्वक छन् नि ? तथा जयद्रथ अझै जीवित नै छन् नि त ? तिमी त राजकुमार हौ, स्वयम् राजाको भाइ हौ र तिमीलाई नै युवराज पद प्राप्त भएको छ, फेरि पनि तिमी युद्धबाट किन भागिरहेका छौ ? तिमीले त पहिले द्रौपदीसित भनेका थियौ कि 'तिमी त हामीले जितेको दासी हौ । अब तिमी स्वेच्छाचारिणी भएर हाम्रो ज्येष्ठ भ्राता दुर्योधनलाई वस्त्र ल्याएर दिने गर्नु। अब तिम्रो कोही पनि पति छैन, ती जम्मै त तैलरहित तिलझैं सारहीन भइसकेका छन्। यस्तो ठूल्ठूला कुरा गर्ने तिमीले अब युद्धभूमिमा पिठ्यूँ किन देखाइरहेका छौ ?

क्रमशः ...

# जीवन दर्शन : व्यावहारिकतामा प्रश्न

दर्शन विचार



राजेन्द्रप्रसाद कोइराला
(A PhD Scholar)
Koiralarp46@gmail.com

**शैक्षिक स्तरको पर्याप्त वृद्धि भइरहेको छ तर व्यवहार, बुद्धि र विवेक हराउँदै गएको छ। सम्बन्धका सञ्जालले संसार जेलिएको छ, तर साँचो प्रेम र सम्बन्ध पाउन मुश्किल हुँदैछ। जतातत‍ै मादक पदार्थको उत्पादन र उपलब्धता छ, तर पानी र औषधीको अभाव छ।**

हामी जन्मँदा स्वतन्त्र जन्मन्छौं । निष्पाप, निष्कलङ्क, शान्त अनि निर्दोष। त्यति बेला हाम्रो कुनै जात, धर्म, शिक्षा, दीक्षा हुँदैन । न हामी गरीब हुन्छौं, न धनी नै। भविष्यमा मूर्ख हुन्छौं वा विद्वान् भनेर निर्धारित भएर जन्मेका हुँदैनौं । हामी त सुन्दरता नै सुन्दरता बोकेको, कुनै छल–कपट, क्लेश, ताप, चिन्ता, कुण्ठा, निराशा र नकारात्मकता नभएको एउटा समग्र मानवको रूपमा जन्मन्छौं। हाम्रो जन्मसँगै हामीले सुन्दर गुण, शक्ति, स्वतन्त्रता र साहस प्राप्त गरेका हुन्छौं।

दया, माया, प्रेम, करुणा, हाँसो, खुशी, आनन्द, परोपकार, मान, सम्मान, आदर, सहानुभूति, अनुभूति, उत्साह, उमङ्ग, प्रेरणा, उत्सर्ग, शान्ति, समृद्धिजस्ता असङ्ख्य सुन्दर गुण हामीभित्र हुन्छ, तर हामीले त्यसको सही पहिचान गर्न सकेका छैनौं । हामी जुन दौडमा लागेका छौं त्यो अहिले नै हामीसँग छ तर यस्ता राम्रा गुणका मालिक हुँदाहुँदै हामीले स्वपहिचान गर्न नसक्दा व्यभिचार, कुविचार, अशान्ति, लोभ, डाह , इर्ष्या, अहङ्कार, घृणा, द्वन्द्वको बाटोमा रूमलिरहेका छौं । यो बाटोले अन्ततः हामीलाई निराशाबाहेक केही दिंदैन।

हामी जन्मेदेखि नै कसैको वशमा पुग्यौं । हामीले स्वाभाविकता, वास्तविकता अनि प्रकृतिप्रदत्त गुण र आधिकारिकता गुमायौं । अरूको कुनै प्रभावमा नपरी हामीले हिंड्ने सही बाटो हाम्रो अधिकारिक बाटो हो। हामीले हेर्ने सुदृष्टि हाम्रो आधिकारिक दृष्टि हो । हामीले गर्ने सुकर्म हाम्रो आधिकारिक कर्म हो । आधिकारिक मान्छेहरू वास्तविक र सत्यवादी हुन्छन्। उनीहरू बनावटी, आयातित र भ्रमित जीवन बाँच्न चाहन्नन्। बाहिरी आवरणमा विश्वास गर्दैनन्, सच्चा हृदयका प्रतिमूर्ति हुन् यिनिहरू। यिनीहरूसँग लुकेको कुनै सवाल हुँदैन । आकाशजस्तै खुला, सेतो कागजजस्तै सफा र नदीजस्तै कञ्चन र निर्मल हुन्छन्। उनीहरू जीतबारे चासो राख्दैनन्, हारको पनि चिन्ता गर्दैनन्।

आधिकारिकतामा बाँच्ने मान्छेहरू सधैं विजयी हुन्छन्, तर विजय उत्सव मनाउँदैनन्, बरु विजयलाई स्वाभाविक ठान्छन्। उनीहरू आफैंसँग सन्तुष्ट हुन्छन्, आफैंसँग खेल्छन्, रमाउँछन् र सिक्छन्। उनीहरू आफैंसँग कुरा गर्छन् , आफैंलाई प्रश्न गर्छन्, आफैं जवाफ फर्काउँछन्। लोभ, मोह , रिस–राग, डाहा, ईर्ष्याबाट टाढा रहन्छन्, सबैलाई समान देख्छन् र सम्मान गर्दछन्।

तर हाम्रो सामाजिक परिवेशले यसरी हस्तक्षेप गरेको छ कि हाम्रो आफ्नै स्वतन्त्र दृष्टिकोण ओझेलमा पर्न थाल्यो। आफ्नै जीवनबारे सही बुझाइ बनाउन सकेनौं । सुखैसुखैमा बाँच्ने वा दुःखको अनुभूति नै गर्न नपर्ने अवस्था हुँदाहुँदै त्यसको प्रयोग गर्न सकेनौं । सत्य र यथार्थ बोल्ने प्राकृतिक स्वतन्त्रतामाथि हस्तक्षेप भयो । जीवन सही तरीकाले यापन गर्ने मानिसलाई हीनताबोध हुने वातावरण बन्यो। सही कामभन्दा कुकर्म गरेर मान–मर्यादा पाउन थाल्यो। असल भावना विकास गर्ने अवसरमाथि कुठाराघात हुनपुग्यो। स्वतन्त्र मान–मर्यादा पाउन थाल्यो । स्वतन्त्र हैसियत कायम हुन सकेन, आफ्नो पहिचानमाथि आफ्नै लगाम रहेन । हामी कसैको हुन पुग्यौ तर आफ्नो हुन सकेनौं।

वास्तवमा सबैतिरबाट निरपेक्ष भएर आफ्नो अन्तस्करणलाई अनन्य भावले स्वयंमा समर्पण रहने, आधिकरिकता र सत्यमा तल्लीन रहने स्वाभिमान, स्वचालित, सुशासित, आत्मनिर्भर र अनुशासित मानिसलाई अपार सुख प्राप्ति हुन्छ । त्यस्तो सुख–विषय शक्तचित्त, परिचालित, परशासित, सञ्चालित, कुशासित अनि परनिर्भर व्यक्तिलाई कहिल्यै प्राप्त हुन सक्दैन। हामी जन्मजात कसैबाट अपेक्षा नगर्ने र कसैको उपेक्षा नगर्ने प्राकृतिक गुणले भरिएका हुन्छौं।

तर हाम्रा वर्षौंदेखिका चालचलन, मूल्य–मान्यता, विश्वास, धार्मिक दृष्टिकोण र आस्था, सामाजिक परिवेश र सिकाइ, हामीले हिंडेको बाटो, पिएको पानी, खेलेको खेल, हाम्रा बालसखाहरू, भोगेका क्षणहरू, हाम्रो पढाइ–लेखाइ, प्रयोग गरेको भाषा, पढेका ग्रन्थहरू, सुनेका किम्बदन्ती र इतिहास, देखेका दृश्य, खाएको भोजन, सुँघेको वायु आदिबाट हाम्रा जीवनमा विचारहरूको निर्मिति हुन्छ। हामी जस्तो वातावरणमा हुर्कन्छौं, त्यस्तै विचार निर्माण हुन्छ । सिग्मण्ड फ्रायडले भनेका पनि छन्– "तिमी मलाई एक दर्जन बच्चा देऊ तिमीजस्तो भन्छौ म त्यस्तै बनाइदिन्छु।" एउटा सफल र असल मान्छे बनाएर राष्ट्र निर्माण, मानवीय हित–कल्याण गर्ने कर्मयोगी र आदर्श व्यक्ति बन्ने सम्भावना भएका व्यक्तिहरूलाई उचित वातावरण दिन नसक्दा आज मानिस नकारात्मक बाटोबाट गुज्रिरहेको छ। बाल्यकालदेखि नै सही मार्गमा डोऱ्याउन नसक्दा कैयौं मानिसले जीवनभरि दुःख पाउनुपरेको छ। असल शिक्षाको अभावमा उनीहरू सानैदेखि क्रोधी, छुच्चो र व्यभिचारी भएका प्रशस्तै उदाहरण भेटिन्छ। त्यसैले कवि शिरोमणिले भनेका छन्–

सानैदेखि छुचो हुन्छ र दुष्ट मानिसको मति।
घोच्ने ती जङ्गली काँडा पहिले नै तिखा कति ॥

अहिले जतातत‍ै ठूला–ठूला महल बनेका छन् तर परिवार सानो हुँदैछ। नौ महीना गर्भमा राखेर अनेक हण्डर–ठक्कर खाँदै जन्म दिने आमा, कर्म दिने बुबा त्यस घरभित्र अटाउन सकेका छैनन्। उनीहरूले वृद्धाश्रममा नारकीय जीवन बिताउनुपरिरहेको छ। ठूला र फराकिला सडक बनेका छन्, भौतिक संरचनाको विकास चुलिंदो छ, तर सडकमा हिंड्ने र महलको पेटीमा सुत्नेहरूको सङ्ख्या बढिरहेको छ।

ठूला–ठूला अस्पताल खुलेका छन्, तर आम जनताको स्वास्थ्य स्थिति झनै खराब हुँदैछ। उपचार नपाउनेको सङ्ख्या दिनानुदिन बढिरहेको छ । विशिष्ट र गुणस्तरीय नियम कानून बनेका छन् तर विधिको शासन हराउँदै गएको छ । शान्तिका गीतहरू गुन्जिरहेका छन्, मारकाट र अशान्ति झन् फैलिरहेको छ। अपार धन–दौलत र द्रव्यको मालिक बनेको छ तर मानसिक सन्तुष्टि गुमाउँदै गएको छ। उच्च बौद्धिक क्षमता आर्जन गरेको छ तर मानवीय संवेदना–दया, माया, प्रेम, करुणाबाट झनै टाढा हुँदैछ।

शैक्षिक स्तरको पर्याप्त वृद्धि भइरहेको छ तर व्यवहार, बुद्धि र विवेक हराउँदै गएको छ। सम्बन्धका सञ्जालले संसार जेलिएको छ, तर साँचो प्रेम र सम्बन्ध पाउन मुश्किल हुँदैछ । जतातत‍ै मादक पदार्थको उत्पादन र उपलब्धता छ, तर पानी र औषधीको अभाव छ। मानव जनसङ्ख्या उल्लेख्यरूपमा बढ्दो छ तर मानवता हराउँदै गएको छ। हात हातमा मूल्यवान् घडीहरू छन् तर कसैलाई समयले पुगेको छैन। अब कल्पना गरौं, हामी कता जाँदैछौं। यस्तो किन हुँदैछ ? यो सबै हाम्रो शिक्षा र दर्शनको कारण हो। जस्तो दृष्टि, उस्तै सृष्टि।

हामीलाई कस्तो वातावरणमा हुर्काइयो र कस्तो दर्शन सिकाइयो, त्यसले नै विचार निर्माण गर्छ । हामीलाई सानैदेखि सकारात्मक बाटोमा उन्मुख हुने वातावरण उपलब्ध भएन। हामीलाई असल र सफल हुनेभन्दा ठूलो र जसरी पनि अरूभन्दा बढी कमाउने शिक्षा दिइयो। सत्य बोल्दा प्रोत्साहनभन्दा सजाय दिइयो। दर्शनकै विषयमा एउटा रोचक प्रसङ्ग यस्तो छ–

पूर्वी तराईको कुनै गाउँमा एकजना महाजनको सयौं बिघा जमीन थियो। ती महाजन जति धनी थिए त्यति नै लोभी र अव्यावहारिक पनि थिए । सम्पत्तिले मत्त भएका उनी गाउँभरि अरूलाई होच्याउँदै आप्लनो बखान छाँट्दै हिंड्थे। साता पन्ध्र दिनमा एकपटक उनी आफ्नो खेतबारी देखभाल गर्न पुग्दथे। गाउँका धेरै गरीब उनको घरमा हली बसेर गुजारा चलाएका थिए। गाउँको एकजना गरीब वर्षौंदेखि उनको खेतमा हलो जोत्दै आएको थियो। साह्रै इमानदार र मेहनती उसले कहिल्यै पनि काममा ठग्ने गरेन। साँचो अर्थमा ऊ सज्जन, परिश्रमी र नूनको सोझो गर्ने उदाहरणीय व्यक्ति थियो।

एक दिन महाजन खेतबारी डुल्ने क्रममा त्यही हलीले जोतिरहेको खेतमा पुगे। टन्टलापुर घाम, थकान र भोकले गर्दा एक छिन सुस्ताउन थालेको थियो, अर्थात उड्न थालेको थियो। त्यसै समय खेत मालिक आए । गाउँका समाज सुधारक आधुनिक युवासँग भनाभन चलेर आएका उनी एकैचोटी त्यस हलीमाथि खनिए । हलीको हातको लौरो खोसेर साले तँलाई जोत्न पठाएको कि यसरी आराम गर्न भन्दै पिट्न थाले । बिचरा हली केही बोल्न सकेन, कारण ऊ गरीब थियो । परम्परा अनुसार मालिकसँग मुखमुखै लाग्न हुँदैनथ्यो। फेरि मालिकले हलीबाट निकालेमा हातमुख जोर्ने समस्या झन् बल्झिन्थ्यो। त्यसैले प्रतिकार नगरी सहेर बस्यो।

केहीबेरपछि मालिक फर्किए। त्यसको केहीबेरपछि पत्नी खाजा लिएर आइन्। सदाझैं मीठो खाजा लिएर आएकी पत्नीलाई देख्नेबित्तिकै उसले झम्टिहाल्यो र नराम्ररी झपाऱ्यो, कारण अरू दिनभन्दा केही ढिलो भएको थियो । मालिकले कुटेको झोंकमा उसले पनि पत्नीलाई भकुऱ्यो। आफूभन्दा ठूलो मालिकलाई केही गर्न नसक्ने उसले पत्नी कुटेर रिस माऱ्यो।

पत्नी अनाहक पिटाइ खानुपरेकोमा आश्चर्यचकित भई । साह्रै सज्जन र पतिव्रता भएकीले पतिलाई केही भनिन। रिस र आवेग नियन्त्रणमा राख्दै घरतिर लागी। घर जाँदा अऱ्हाएको काम पूरा नभएको देखेर उसलाई छोरीमाथि रिस उठ्यो । छोरीलाई जगल्टाई । छोरी आमासँग ज्यादै डराउँथी। मुख फर्काउन सकिन। रिसले चुर भएर बाहिर निस्की। सधैं पढिरहने भाइ आँगनमा गुच्चा खेलिरहेको थियो। उसले भाइलाई पढ्ने बेलामा गुच्चा खेल्ने भन्दै दुई चड्कन लगाई। उसलाई आमाको रिस पोख्नुथियो।

दिदीको हातबाट कुटाइ खाएको भाइ अत्तालिंदै भाग्यो। उसले आफूभन्दा ठूली दिदीलाई हात फर्काउन सकेन। भित्रभित्रै मुर्मुरिएको उसलाई पनि रिस पोख्ने निहु चाहिएको थियो। आँगनको छेउमा जिब्रो निकालेर बसिरहेको कुकुरलाई साले आफूलाई कत्ति दुःखिरहेको छ त यहाँ आनन्दसँग बस्ने भन्दै ढुङ्गाले हान्यो । सधैं माया गर्ने मालिकले यसरी हान्लान् भन्ने उसले रत्तिभर सोचेको थिएन । उसले पनि मालिकलाई झम्टिहाल्न सकेन। कुइँकुइँ गर्दै खुट्टा उचालेर भाग्यो।

दुखाइको झोंकले भागिरहेको कुकुरले बिस्तारै आफूतिर आइरहेको बिरालोलाई तगारोमा भेटयो। आफूलाई दुखिरहेको

(बाँकी पाँचौं पातामा)

# लभ इन वीरगंज



धारावाहिक नाटक
समीर पाखिन

सुशीला : (लामो–लामो श्वास लिंदै साथीहरूतिर हेरेर) ल ... अब पुग्यो । बूढो घर पुगिसक्यो होला । गएर चिया पकाएर खुवाउनुपर्छ। हिंड्ने होइन ?

महिला–१ : (उसै गरी स्वाँ–स्वाँ गर्दै) अनि हवल्दार सापको पेट कति घटेछ ? नाप्ने गरेकी छौ कि छैनौ नि ?

सुशीला : किन नापी रहनुपऱ्यो ? पेट घटेको नघटेको थाहा पाइहालिन्छ नि।

महिला–२ : नाप्दै ननापी थाहा पाइन्छ त ?

सुशीला : ल किन थाहा नपाउनु।

महिला–२ : नाप्दै न नापी थाहा पाउने तरीका के रहेछ। यसो हामीलाई पनि सिकाइदेऊ न है सुशीला।

सबैजना पेट मिचीमिची हाँस्छन्।

सुशीला : छिः यी मोरीहरू त बिहान–बिहानै भगवान्‌को नाम जप्ने बेलामा के उटपटयाङ कुरा गरेका होलान् ?

सबैजना फेरि गलल हाँस्दै पोखरी परिसरबाट बाहिरिन्छन्।

ooo

समय : दिउँसो । स्थान : नवलपुरस्थित प्रीतमको घर।

प्रीतम घरदेखि केही पर बसेर मोबाइलमा उषासित कुरा गरिरहेको छ। प्रीतमकी पत्नीले प्रीतमको चियो गर्दैछे।

प्रीतम : गोपाल मिष्टान्न भण्डारको डोसा कस्तो लाग्यो भनेको ? डोसा त त्यसै पनि मीठो झन् तिम्रो मीठो मुस्कानसहितको उपस्थितिले त, त्यो साँझ ज्यादै रोमान्टिक भयो नि। तिमी जहिले भन्छौ, तैले हाजिर हुन्छु । के क्याम्पस जान आटेकी अरे ? क्याम्पसमा त छैन होला नि डोसा खाने म जस्तो अर्को साथी ? हाहाहा ...। (हाँस्छ)

रीता : (ढोकामा छेलिएर अघिदेखि प्रीतमको गतिविधि नियाल्दै स्वयम्‌सित) पक्कै पनि यो प्रीतम वीरगंजको कुनै केटीसित सल्किएको हुनुपर्छ। के गरी पत्ता लगाउने होला ? यसलाई थन्को लगाउन कुनै उपाय त गर्नैपर्छ। (प्रीतम कोठामा फर्केपछि) प्रीतम, तिमी अब कहिले वीरगंज जाँदैछौ ?

प्रीतम : (झस्के जस्तो गरी) किन ?

रीता : होइन, तिमी वीरगंज गएको बेला म पनि एकचोटि डाक्टरकहाँ जाउँ कि भनेर नि।

प्रीतम : किन वीरगंजै जानुपऱ्यो ? भरतपुर गए भइहाल्छ नि।

रीता : हैन, तिमीसित भए सुत्तै बाइकमा गइन्छ नि त।

प्रीतम : म अब आफ्नो कामले कताकता पुग्छु। तेरो तालमा हिंडेर हुन्छ मलाई ? बरु खाना पाकेको भए खाऔं। मलाई एकक्षण साइटमा पुग्नु छ।

खानपिन गरेर प्रीतम हिंडेपछि रीताले भाइ आकाशलाई बोलाउँछे । रीताको भाइ आकाश आएपछि दिदीभाइ प्रीतमको शङ्कास्पद गतिविधिबारे चर्चा गर्दैछन्।

आकाश : शङ्का मात्र गरेर केही हुँदैन दिदी । भिनाजुलाई रङ्गेहात पक्रन सक्नुपर्छ।

रीता : त्यसो भए प्रीतम जहिले वीरगंज जाने भन्छ म तँलाई फोन गर्छु। तँ बाइक लिएर तुरुन्त आउनु। हामीले प्रीतमको पिछा गर्नुपर्छ।

ooo

समय : साँझपख। थकित अवस्थामा घर फर्केका इमानसिंह आँगनको मुढामा थ्याच्च बस्छन्। सुशीलाले उनको मलीन अनुहारतिर हेर्छे र आफू पनि नजीकै गएर बस्छे।

सुशीला : नेताजीलाई भेट्न जानुभएको हैन, भेट भयो त ?

इमान सिंह : अहँ भएन। भेट गर्न आउनेको ताती हुँदो रहेछ। मैले लाइनमा बसेर भेट गर्न आवश्यक ठानिनँ र फर्कें। अब सरुवापत्र हात परि नै सक्यो। नगई सुखै छैन । यो केटीको पढाइ पो के गर्ने ? अब केही महीना जतिमा त परीक्षा पनि शुरू हुने होला।

इमान सिंह सरुवाको कारण समस्यामा परेको छ।

सुशीला : यसो गरे कसो होला ?

इमान सिंह : अब केही गरे पनि हुँदैन।

सुशीला : त्यसो भए गएर एक/दुई महीना कोठा लिएर बस्दै गर्नोस्। त्यतिन्जेल उषाको पनि परीक्षा सिद्धिन्छ। खाना होटलमा खाँदा पनि भइहाल्छ।

क्रमशः

## अन्तर्राष्ट्रिय समाचार

# ओमिक्रोन बढेपछि इटालीमा प्रतिबन्धको घोषणा

रोम, ९ पुस/सिन्ह्वा

इटालीमा पछिल्लो समयमा कोरोना भाइरसको पछिल्लो तथा घातक भनिएको ओमिक्रोन भेरियन्टका सङ्क्रमण बढेको पाइएको छ । यहाँ प्रतिदिन यस्तो सङ्क्रमण बढ्दै गएपछि स्वास्थ्यका मापदण्डहरूमा कडाइ गरिएको छ र यहाँका अधिकारीहरूले पहिलेजस्तै जनस्वास्थ्यका मापदण्डहरू पालना गर्नुपर्ने नियम बनाएका छन् ।



तस्वीरः एपी

पछिल्लो समयमा क्रिसमसका कार्यक्रमहरूमा बढी नागरिकको आवतजावत र जम्मा हुने भएकाले त्यसमा कडाइ गरिएको बताइएको छ । इटालीको मन्त्रिपरिषद्ले यहाँ क्रिसमस तथा नयाँ वर्षका अवसरमा जम्मा हुन पनि प्रतिबन्ध लगाएको छ । त्यसैगरी, नागरिकहरू सार्वजनिकरूपमा भेला हुने कार्यमा पनि कडाइ गरिएको यहाँको सरकारले जनाएको छ ।

यहाँका प्रतिबन्धहरूमा रात्रिक्लबहरू र डिस्कोमा आगामी जनवरी ३१ सम्मका लागि प्रतिबन्ध लगाइएको छ । त्यस्तै, दिउँसोको समयमा पनि धेरैजना व्यक्ति भेला हुन नपाउने नियम बनाइएको छ । यहाँ प्रत्येक दिन नयाँ भेरियन्ट ओमिक्रोनका सङ्क्रमितहरू देखिने गरेका छन् । साथै पछिल्लो समयमा डेल्टा भेरियन्टको प्रकोप पनि बढ्दो देखिएको बताइएको छ ।

### भारतमा थप छ हजार ६५० जनालाई कोरोना सङ्क्रमित

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा कोरोना भाइरसबाट थप छ हजार ६५० जना सङ्क्रमित भएपछि यहाँ कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ४७ लाख ७२ हजार ६२६ पुगेको केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले शुक्रवार जनाएको छ । तीमध्ये ३५८ जनामा ओमिक्रोन भेरियन्ट देखिएको पनि मन्त्रालयले जानकारी दिएको छ । महाराष्ट्रमा ८८ र दिल्लीमा ६७ जना ओमिक्रोनका सङ्क्रमित रहेका छन् । ओमिक्रोनका ११४ जना सङ्क्रमित भने निको भएको जनाइएको छ ।

सोही अवधिमा थप ३७४ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ । यससँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ७९ हजार १३३ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ । पछिल्ला हप्ताहरूमा सङ्क्रमणको तुलनामा मृत्युदरमा भने उल्लेख्यरूमा कमी आएको देखिएको बताइएको छ ।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या ७७ हजार ५१६ रहेको छ । अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या कुल सङ्क्रमितको सङ्ख्याको ०.२२ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ । सक्रिय सङ्क्रमितको यो सङ्ख्या ७७५ दिनको नै सबैभन्दा कम रहेको अधिकारीले जनाएका छन् ।

गएको २४ घण्टामा भारतमा सात हजार ५१ कोरोनाबाट मुक्त भएका छन् । यसैसँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४२ लाख १५ हजार ९७७ जना कोरोना सङ्क्रमणबाट निको भएका छन् । भारतमा कोरोना भाइरस निको हुने दर ९८.४२ प्रतिशत रहेको जनाइएको छ । यो सङ्ख्या सन् २०२० को मार्चपछि सबैभन्दा बढी भएको समाचारमा जनाइएको छ ।

भारतमा कोरोना शुरू भएदेखि हालसम्म ६६ करोड ९६ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब ३८ करोड ४३ लाखभन्दा बढी मात्रा खोप लगाइएको जनाइएको छ । रासस

# आप्रवासीहरू भाग्ने क्रममा डुबेर ७० जनाको मृत्यु



फोटोः फाइल

त्रिपोली, ९ पुस/सिन्ह्वा

लिबियाली सामुद्रिक किनारमा यसै हप्ता मात्र कम्तीमा पनि ७० जना अवैधरूपमा आवतजावत गर्न खोज्ने आप्रवासीको डुबेर मृत्यु भएको छ । संयुक्त राष्ट्रसङ्घले बिहीवार प्रकाशन गरेको एक प्रतिवेदनमा सो तथ्य सार्वजनिक भएको हो । यस समयमा यहाँका अरू कम्तीमा पनि १०० जना आप्रवासी हराइरहेको पाइएको छ ।

मृत्यु हुनेमा बालबालिका पनि रहेका छन् । अरू ठूलो सङ्ख्याका बालबालिका हराइरहेको संयुक्त राष्ट्रसङ्घीय बालकोषले जानकारी दिएको छ । यहाँ आप्रवासीहरूको अवस्था निकै दयनीय रहेको बताइएको छ । सामुद्रिक किनाराबाट भाग्ने क्रममा कागजात नभएका आप्रवासीहरू यसरी डुब्ने गर्छन् । यस क्रममा निकै लामो समयदेखि यहाँ कैयौं आप्रवासीको ज्यान जाने गरेको छ । यसका लागि सहयोग गर्न संयुक्त राष्ट्रसङ्घले विश्व समुदायलाई बारम्बार आग्रह गर्ने गरेको छ । रासस

# साउदी अरबद्वारा यमनको राजधानीमा हवाई आक्रमण

साना, ९ पुस/सिन्ह्वा

साउदी नेतृत्वको गठबन्धन सेनाले यमनको राजधानी सानामा बुधवार रातिदेखि हवाई हमला गरेको बताइएको छ । हुथी मिलिसियाहरूका विरुद्धमा सो सेनाका युद्धक विमानहरूले हवाई आक्रमण गरेको बताइएको छ । ती सेनाले हुथी विद्रोहीहरूले निर्माण गरेका आश्रयस्थलका साथै उनीहरूद्वारा नियन्त्रित सैन्य शिविरमा हवाई आक्रमण गरेको हुथीद्वारा सञ्चालित अल-मासिराह टिभीले जनाएको छ ।

युद्धक विमानहरूले गरेका सो आक्रमणको आवाज नै सुनिएको पनि बताइएको छ । यस हवाई आक्रमणबाट यमनी शहर सानाको पूर्वी क्षेत्रमा रहेको हाफा शिविर प्रभावित भएको बताइएको छ । यस हमलाबाट भएको क्षतिको विस्तृत विवरण भने दिइएको छैन । हवाई आक्रमणपछि शहरभर शक्तिशाली विस्फोटको आवाज सुनिएको बताइएको छ ।

सो हमलामा परेर यहाँका हुथी मिलिसियाहरूले निर्माण गरेका केही आश्रयस्थल र सैन्य शिविर ध्वस्त भएका छन् । उनीहरूको पकड रहेको भनिएका केही क्षेत्रमा यी सेनाको आक्रमण विगतदेखि नै जारी रहेको थियो । इरान समर्थित हुथी मिलिसियाले पनि गत हप्ता यहाँ आक्रमण गरेको र सो ड्रोन आक्रमणबाट दुईवटा गुफा र चारवटा भूमिगत गोदाम ध्वस्त भएको गठबन्धन सेनाले जनाएको थियो । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – राज्यलाभ | कर्कट – धनक्षति |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – अस्वस्थता | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



दाइजोप्रथा गैरकानूनी हो,
यसको अन्त्य गरौं ।

वीरगंज महानगरपालिका


# काङ्ग्रेस प्रदेश नं २ को सभापतिमा यादव निर्वाचित

जनकपुर, ९ पुस/रासस

नेपाली काङ्ग्रेस प्रदेश नं २ को सभापतिमा कृष्ण यादव निर्वाचित भएका छन् । शुक्रवार बिहान सम्पन्न सभापति पदको मतगणना अनुसार उनी ९९६ मत प्राप्त गरी प्रदेश सभापतिमा निर्वाचित भएका हुन् ।

उनका प्रतिद्वन्द्वी रामसरोज यादवले ८५५ मत मात्र प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ । सभापति पदमा खसेको मतमध्ये ३० वटा मत बदर भएको जनाइएको छ । प्रदेश सभापतिमा निर्वाचित कृष्ण नेपाली काङ्ग्रेस, रौतहटका सभापति हुन् भने रामसरोज काङ्ग्रेस प्रदेश नं २ संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकासमन्त्री हुन् ।

सतसट्ठी पदका लागि बिहीवार बिहान १० देखि राति ८ बजेसम्म भएको मतदानमा कुल एक हजार ९५१ मतदातामध्ये एक हजार ८८१ मत खसेको थियो ।



नेपाली काङ्ग्रेस प्रदेश नं २ को नवनिर्वाचित सभापति कृष्ण यादव । तस्वीरः सौजन्य

# गहुँ लुटेको आरोपमा किसान पक्राउ परेपछि पालिकाको कार्यालयमा तालाबन्दी

प्रस, सिराहा, ९ पुस/

सिराहाको औरही गाउँपालिकामा किसानहरूले शुक्रवार तालाबन्दी गरेका छन् । गहुँको बीउ लुटेको आरोपमा एकजना किसानलाई प्रहरीले पक्राउ गरेपछि किसानहरूले गाउँपालिकामा ताला लगाएका हुन् ।

तीन दिनअगाडि गाउँपालिकाले थन्काएर राखेको साढे तीन सय बोरा गहुँको बीउ समयमा नपाएपछि किसानहरूले लुटेका थिए ।

गहुँको बीउ लुटेको आरोपमा कडहरबाका मिथिलेश यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

यादव पक्राउ परेपछि किसानहरू आन्दोलित बनेका हुन् ।

किसान आन्दोलनलाई जनमत पार्टीले सघाएको छ । सो पार्टीका नेता दीपेन्द्र यादवले गाउँपालिकाले दिएको उजूरीको आधारमा प्रहरीले किसानलाई पक्राउ गरेकोले गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेको बताए ।

उनले पक्राउ परेका किसानलाई रिहा नगरे आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

प्रहरी प्रशासन र गाउँपालिका अध्यक्ष सिद्धार्थ यादवविरुद्ध किसानहरूले नाराबाजी गरेका थिए । उनीहरूले किसानमाथिको दमन बन्द गर, किसानलाई आवश्यक मलखाद र बीउको व्यवस्था गर, गिरफ्तार किसानलाई रिहा गरलगायतका नारा लगाएका थिए । शुक्रवार साँझसम्म पालिकाको कार्यालयमा भएको तालाबन्दी खुलेको छैन ।

## गाँजासहित दुईजना पक्राउ

प्रस, मकवानपुर, ९ पुस/

मकवानपुर प्रहरीले ३० किलो ५०० ग्राम गाँजासहित दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषा नगराइन नगरपालिका–२ बस्ने ३४ वर्षीय सुबोध मण्डल र पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नं ३ बस्ने ३९ वर्षीय मुकेश राउत थारू रहेको प्रहरीले जनाएको छ ।

उनीहरूलाई हेटौंडा उपमहानगरपालिका वडा नं १५ रातोमाटेबाट शुक्रवार बिहान प्रहरीले पक्राउ गरेको हो ।

## वाग्मती प्रदेश सरकारको मन्त्रिपरिषद् विस्तार

प्रस, मकवानपुर, ९ पुस/

वाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले शुक्रवार मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनले नेपाली काङ्ग्रेसबाट तीनजना मन्त्री र तीनजना राज्यमन्त्री नियुक्त गरेका छन् ।

यससँगै वाग्मती प्रदेश मन्त्रिपरिषद् १८ सदस्यीय भएको छ । नेकाका दीपेन्द्र श्रेष्ठ संस्कृतिमन्त्री नियुक्त भएका छन् । त्यसैगरी, बलराम पौडेल भूमि व्यवस्था र मिलनबाबू श्रेष्ठ उद्योगमन्त्री नियुक्त भएका छन् ।

सन्तबहादुर प्रजा भौतिक पूर्वाधार राज्यमन्त्री, रजनी अमात्य जोछे उद्योग राज्यमन्त्री र कल्पना नेपाली स्वास्थ्य राज्यमन्त्री नियुक्त भएका छन् ।

नवनियुक्त मन्त्री तथा राज्यमन्त्रीहरूको पद तथा गोपनीयताको शपथ शुक्रवार साँझ सम्पन्न भएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ । एमाले नेतृत्वको सरकार विस्थापित भएपछि नेकपा समाजवादी पार्टीका राजेन्द्र पाण्डेको नेतृत्वमा गठित सरकारमा यसअघि सत्ता गठबन्धनका अन्य दलहरू सहभागी भइसकेको भए तापनि नेपाली काङ्ग्रेस भने महाधिवेशन चलिरहेको कारण मन्त्रिपरिषद्मा पछि सहभागी भएको हो ।

### परालको ...

प्रदान गर्ने त्यो परालको ओछ्यानको बखान गरेर साध्य छैन । घरको कुनामा ओछ्यान राख्ने हुनाले दुईतिर टाटी भई नै हाल्छ । त्यसपछि खाटलाई हावा, हुस्सु र चीसो पस्ने सम्भावित दिशामा ठाडो पारेर अड्याइन्थ्यो । यसरी ओछ्यानको तीनतिरबाट छेकबार हुन्थ्यो । एक यस्तो ठाउँको बन्दोबस्त गरिन्थ्यो, जहाँ जाडो छल्न सकियोस् । शीतलहरबाट जोगिंदै सुरक्षित, सहज र तनावमुक्त विश्रामका साथै पर्याप्त निद्रा प्राप्त गर्न सकियोस् । वास्तवमा सन्तुष्टिपरक उक्त ओछ्यानमा प्राकृतिक अपनत्व अनुभूति हुन्थ्यो । दिनभरि शारीरिक परिश्रम गर्ने उहिलेका मानिसहरू जति संसाधन उपलब्ध थियो, त्यसैमा आत्मसन्तुष्टिका साथ गहिरो र पर्याप्त निद्रा प्राप्त गर्दथे । भारतको रेलवे स्टेशनहरूमा नियारीले निर्मित चटाई भाडामा पाइन्थ्यो । सीमापारि रक्सौलको नै कुरा गर्ने हो भने दुईवटा चटाई भाडामा लिनुपर्थ्यो । एउटा बिछ्याएर सुत्ने र अर्को ओढ्ने गरिन्थ्यो । कहिल्यै बिर्सन नसकिने त्यो क्षण उहिलेका पुस्ताको स्मरणमा अहिले पनि ताजै होला । आज विविध संसाधनका बावजूद अपवादबाहेक गहिरो निद्रा कि त छैन, यदि छ भने औषधिमा आधारित छ । उहिले परालको ओछ्यान र चटाईमा निर्भर त्यो जाडोयाम आज हिटरलगायतका विविध संसाधन उपभोग गरिरहेका पुस्तालाई आश्चर्यजनक लाग्न सक्छ । आफ्नै पूर्वजको विगत एकादेशको कथाझैं लाग्न सक्छ ।

### जीवन दर्शन............

बेला तँ खुशी मनाउने भन्दै कुकुर बिरालोमाथि झम्टयो । बिनासित्ति चोट खाएको, दुःख र रिसले मुर्मुरिंदै बिरालो त्यहाँबाट भाग्यो । सानो बिरालोले ठूलो कुकुरको प्रतिकार गर्न सकेन । अन्यत्रै लाग्यो । त्यस बेला बिरालो भोको थियो । एकातिर भोक, अर्कातिर झोंक । यस्तो अवस्थामा हिंडेको बिरालोले बाटो काट्दै गरेको मुसा देख्यो । एकैचोटी झम्टयो खाइदियो । यसरी ठूलाको अनाहकको रिसबाट शुरू भएर सानाले चोट पाउने शृङ्खला निरीह मुसाको अन्त्यसँग समाप्त भयो ।

**सिकाइ**ः जब मानिसको जीवन दर्शन नै त्यहीरूपमा निर्मित छ भने हामीले त्यस्ता मानिसबाट के आशा गर्ने ? वर्तमान समाज पनि यस्तै छ । यहाँ ठूलाबडा र धनीहरूलाई कसैको डर छैन । आफूभन्दा सानालाई उनीहरू भुसुना ठान्छन् । अरूमाथि शासन गर्न पल्केकाहरूलाई अरूलाई सजाय दिन कुनै निहु चाहिंदैन । ठूलाले जे गरे पनि सर्वसम्मत हुने समाजमा सानाले न्यायको मुखसम्म देख्न पाउँदैन । जसले पनि सानामाथि नै थिचोमिचो गर्छ । संसारमा कोही पनि ठूलो र सानो भएर जन्मेको हुँदैन, सबै समाजले सिर्जना गरेका कुरा हुन् । यस्ता असमानताको अन्त्य नभएसम्म सोचे अनुरूप विकास अघि बढ्न सक्दैन ।


### मालपोत कार्यालय, पर्साको हकदाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उप्रान्त जिल्ला पर्सा साबिक गाविस गम्हरिया वडा नं २ मा परमेश्वरी तेलीनको नाममा दर्ता कायम रहेको तपसिलको जग्गा भोगचलन गरी आउँदा निज जग्गाधनीले मालपोत कार्यालय, पर्सामा मिति २०३४/०२/२० को शेषपछिको बकसपत्रको लिखत पारित गरिदिनुभएकोमा उल्लिखित जग्गाको श्रेस्ता च्यातिसकेको तथा निज शे.प.ब.प.को लिखत पारित गरिदिने दाताको मृत्यु भइसकेकोले श्रेस्ता कायम गरी दा.खा. गरी पाउँ भनी निवेदक गोविन्दप्रसाद तेलीले यस कार्यालयमा द.नं. २८६१० मिति २०७७/१२/२२ को माग निवेदन पेस गर्नुभएकोमा मिति २०७८/०७/०९ को आदेशानुसार हकदाबीको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । निवेदकको मागदाबी भएको तपसिलको जग्गामा अरू कोही कसैको हकभोग लाग्ने, पुग्ने भए वा सो जग्गाको श्रेस्ता कायम गरी निजको नाममा दा.खा. हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मितिदेखि बाटोको म्यादबाहेक ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित उजूर दाबी गर्न आउनुहोला । म्यादभित्र दाबी विरोध नपरेमा कानून बमोजिम हुनेछ ।

तपसिलः

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| पर्सा | गम्हरिया | ३ | १७ | ०–५–१२ | परमेश्वरी तेलीन |

# मानवसेवाको सकारात्मक सोच कार्यक्रम

प्रस, वीरगंज, ९ पुस/

मानवसेवा आश्रम, वीरगंजले एक दिने सकारात्मक सोच कार्यक्रम आयोजना गरेको छ।


तस्वीरः प्रतीक

वीरगंज नगरसभागृहमा आयोजित कार्यक्रमको उद्घाटन जनता समाजवादी पार्टी, पर्सा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य प्रदीप यादवले गरेका थिए। आश्रमकी दुईजना महिला आश्रितबाट जन्मिएका दुईजना बालक उज्ज्वल र ओजस्वीको जन्मदिनको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा मानवसेवा आश्रमका संस्थापक एवं उत्प्रेरक रामजी अधिकारीले प्रवचन दिएका थिए।

उनले विभिन्न उदाहरण र प्रसङ्गमार्फत मानवजीवन खुशी, शान्ति र समृद्ध हुनुपर्नेमा जोड दिंदै कथाहरू सुनाएका थिए। नेपालमा २०६९ सालमा मानवसेवा आश्रम स्थापना भए तापनि सडकपेटीका असहायलाई सेवा दिन वीरगंजमा २०७४ जेठ १५ गते नारायणी अस्पतालबाट एकजना व्यक्तिलाई उद्धार गरी मानवसेवा आश्रम, वीरगंजको यात्रा शुरू भएको थियो। वीरगंजस्थित मानवसेवा आश्रममा ५८ जना आश्रित छन्।

आजसम्म आश्रमले १४४ जनालाई सेवा प्रदान गरेकामा ४१ जनालाई पारिवारिक मिलन गराइएको, ३५ जना उपचारपछि स्वेच्छाले गएका, १५ जनाको संरक्षित अवस्थामा निधन भएको लगायतका जानकारी दिइएको थियो।

चाँडै वीरगंज महानगरपालिका र अन्य संस्थाको सहयोगमा वीरगंजको लक्ष्मणवामा १८ कट्ठा सार्वजनिक जग्गामा मानवसेवा आश्रमको भवन निर्माण गरिने उनले जानकारी गराए। यस्तै, मानवसेवा आश्रमका भवनहरू देशका विभिन्न ठाउँमा निर्माण हुने योजना रहेको जानकारी गराउँदै २०८२ सालभित्र नेपाललाई बेसहारा, असहाय, अनाथ मानवरहित राष्ट्र घोषणा मानवसेवा आश्रमको लक्ष्य रहेको बताए।

कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, पूर्वअध्यक्ष गोपाल केडिया, प्राध्यापक दीपक शाक्यलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण मानवसेवा आश्रमका प्रदेश संयोजक दिवेश गुप्ताले गरेका थिए भने कार्यक्रममा साउथ जोनका विद्यार्थीहरूले नृत्य प्रस्तुत गरेका थिए।

# गिरीको घरमा स्वतः आगलागी

प्रस, वीरगंज, ९ पुस/

वीरगंज महानगरपालिका-१४ राधेमाई क्षेत्रको गिरीटोलमा पत्याउनै नसकिने घटना भएको छ।

पोखरिया नगरपालिका-१ वनकटवा टोल घर भई राधेमाईमा घर बनाएर बस्दै आएका बलिराम गिरीको घरमा एक हप्तादेखि स्वतः आगलागी भइरहेको छ। बेलुका ४ देखि ५:३० बजेभित्र सो घरमा राखिएको कपडामा आगो लाग्ने गरेको पीडितले बताएका छन्।


गिरीको घर र कपडामा लागेको आगोबारे बताउँदै। तस्वीरः प्रतीक

गत शुक्रवारदेखि सो घरमा आगलागी शुरू भएपछि हिजोसम्म घरको कुना-कुनामा आगलागी भएको गिरीको भनाइ छ।

यतिसम्म कि सुकाउनका लागि बाहिर राखिएको भिजेको साडीसमेत जलेर नष्ट भएको गिरीको दाबी छ। घरमा आगलागीका कारण बच्चाहरूका सबै कपडा जलेर नष्ट भएपछि तीनजना बालक विद्यालय जान सकेका छैनन्। बच्चाहरूको फेरि जल्ने डरले नकिनेको गिरीको भनाइ छ।

घरमा ९० प्रतिशत कपडा जलेर नष्ट भएको गिरीले बताए। आगलागीको कारण बुझ्न गिरी पूजापाठसहित धामीझाँक्रीकहाँ पुगे पनि समस्या सुल्झिएको छैन। घरको एउटा कोठामा सुत्दा अर्को कोठा आगो लाग्ने गरेको छ। गिरी प्रहरी भएका कारण भूतप्रेतको कारण यस्तो भएको पनि मान्दैनन्।

आगो लागेको कारण घरभित्रका भित्ताहरू कालो भएका छन्।

# खेलकूदको संसार

## नेपालद्वारा माल्दिभ्स पराजित

काठमाडौं, ९ पुस/रासस

बङ्गलादेशमा जारी एभिसी एसियन सेन्ट्रल जोन महिला तथा पुरुष भलिबल च्याम्पियनशिप अन्तर्गत शुक्रवार भएको महिलातर्फको खेलमा नेपालले माल्दिभ्सलाई पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको छ।

बङ्गलादेशको ढाका मिरपुरस्थित शाहीद शुरवादी इन्डोर स्टेडियममा भएको खेलमा नेपालले माल्दिभ्सलाई ३-० को सोझो सेटमा पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको हो। नेपालले माल्दिभ्समाथि पहिलो सेट २५-११, दोस्रो सेट २५-९ तथा तेस्रो तथा अन्तिम सेट २५-५ ले जीत निकाल्यो।

यसअघि हिजो भएको पहिलो खेलमा भने नेपालले श्रीलङ्कालाई ३-२ को सेटमा पराजित गरेको थियो। लगातार दोस्रो जीतसँगै नेपालको फाइनलमा पुग्ने सम्भावना बलियो बनेको छ। अब नेपाली महिला टोलीले भोलि आयोजक बङ्गलादेशसँग खेल्नेछ। महिलातर्फको खेलमा विभिन्न छ राष्ट्र सहभागी छन्। जसमा आयोजक बङ्गलादेशसहित नेपाल, कीर्गिस्तान, माल्दिभ्स, श्रीलङ्का र उज्वेकिस्तान रहेका छन्। राउन्ड रोबिनका आधारमा भएको उक्त प्रतियोगितामा शीर्ष स्थान हासिल गर्ने दुई टोलीले फाइनलमा प्रतिस्पर्धा गर्नेछन्। त्यस्तै, तेस्रो र चौथो स्थानमा रहने टोलीले तेस्रो स्थानका लागि प्रतिस्पर्धा गर्नेछन्। त्यसैगरी, पुरुषतर्फको खेलमा नेपालले आज नै उज्वेकिस्तानसँग खेल्दैछ। खेल साँझ ५:४५ बजे हुनेछ। पहिलो खेलमा आयोजक बङ्गलादेशसँग पराजित भएको नेपाल उज्वेकिस्तानलाई भने पराजित गर्ने उद्देश्यका साथ मैदानमा उत्रनेछ।

पुरुषतर्फको खेलमा विभिन्न पाँच राष्ट्रको सहभागिता रहेको छ। जसमा आयोजक बङ्गलादेशसहित, माल्दिभ्स, नेपाल, श्रीलङ्का र उज्वेकिस्तान रहेका छन्।

# श्रीसिया नदी झनै प्रदूषित हुँदै गयो -वक्ताहरू

प्रस, वीरगंज, ९ पुस/

श्रीसिया नदी एवं वीरगंज प्रदूषणमुक्त अभियानसम्बन्धी बृहत् खुला अन्तर्क्रिया कार्यक्रम शुक्रवार सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

कार्यक्रममा वक्ताहरूले श्रीसिया नदीको विगत र अहिलेको अवस्था हेर्दा झन् प्रदूषित हुँदै गएको बताएका थिए। पहिला नुहाउन मिल्ने नदी अहिले हेर्न नसकिने अवस्थामा पुगेकोले तत्काल नदीलाई प्रदूषणमुक्त बनाउन जोड दिएका थिए। उद्योग, कलकारखाना बन्द नगरेर वाटर ट्रिटमेन्ट प्लान्टको माध्यमबाट पानी नदीमा खसाल्नुपर्नेमा जोड दिए। रामवनदेखि श्रीसिया खोलाको मुहान शुरू भएको र सो नदीको छेउछाउ भारत, रक्सौलसम्म सयौं उद्योग-कलकारखानाहरू सञ्चालनमा छन्।

दबाबस्वरूप आयोजना गरिएको अन्तर्क्रियामा प्रदेश सरकारले स्वच्छता अभियानको नाममा धोका दिएको बताइएको थियो। मठमन्दिर, पोखरीमा अबौं रुपैयाँ खर्चेर स्वच्छताको नाममा लुटेर खाने भाँडा बनाएको वक्ताहरूले आरोप लगाएका थिए। वीरगंज निवासी मुख्यमन्त्री लालबाबूराउत गद्दीलाई पटक-पटक स्वच्छता अभियान अन्तर्गत श्रीसिया नदीलाई व्यवस्थित गर्न र मास्टर प्लान बनाएर अगाडि बढ्न ज्ञापनपत्र बुझाए पनि अहिलेसम्म केही नभएकोमा दुःख व्यक्त गरिएको थियो।

कार्यक्रममा रक्सौलका अभियन्ता प्राडा अनिल सिन्हाले वीरगंज महानगरलगायत यहाँको प्रदेश सरकारले चाहेमा श्रीसिया खोलालाई पर्यटकीय स्थल बनाउन सक्ने बताए। उनले भारतका नदीमा डुङ्गा चलाएर त्यहाँका सरकारले बर्सेनि करोडौं रुपैयाँ राजस्व उठाउने गरेको उदाहरण दिए। वीरगंजको फोहोरले रक्सौल र त्यस क्षेत्रका बासिन्दाहरू पनि प्रभावित भइरहेकामा दुःख व्यक्त गर्दै नदीको मुहानदेखि नै सफा गर्दै जानुपर्नेमा जोड दिए।

कार्यक्रमका प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले वीरगंजवासीहरूको चाहना अनुसार नै महानगरले काम गर्ने वातावरण मिलाउनुपर्ने बताए। उनले कर्मचारी आउनेजाने गर्छन् तर वीरगंजवासीले चाहेमा श्रीसिया नदीको पचास प्रतिशत फोहर समाप्त भएर जाने बताए।

कार्यक्रममा सप्रजिअ पौडेलले स्थानीय प्रशासनको हैसियतले आफूहरूले अभियानमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

अभियानका संयोजक सुरेन्द्रप्रसाद कुर्मीको सभापतित्वमा भएको कार्यक्रममा वडाध्यक्ष ब्रह्मदेवप्रसाद कुर्मी, अवधकिशोर कुशवाहा, ओमप्रकाश सर्राफ, बाबूराम कौशिक, मोनिका सिंह, रम्भा मिश्र, कमल चौगाईं, बृजेश्वर चौधरीलगायतले मन्तव्य राखेका थिए।

# सहनीको हत्यारालाई कारबाईको माग

प्रस, वीरगंज, ९ पुस/

संयुक्त विद्यार्थी सङ्घको बैठक


तस्वीरः प्रतीक

शुक्रवार ठाकुर राम बहुमुखी क्याम्पसमा सम्पन्न भएको छ। बैठकले केएमसी कलेज, काठमाडौंमा अध्ययनरत विद्यार्थी सुशील सहनीको हत्या कलेजको लापरवाहीले भएको भन्दै छानबीनको माग गरेको छ।

सङ्घले जारी गरेको प्रेस विज्ञप्तिमा कलेजको दबाबमा परी प्रहरीले अनुसन्धान फितलो बनाएको भन्दै दोषीलाई कारबाई नभए सशक्त आन्दोलनमा जाने उल्लेख छ। छानबीनसहित दोषीलाई कारबाई, क्षतिपूर्तिको माग नेपाल विद्यार्थी सङ्घका अध्यक्ष दीपक कार्की, अनेरास्ववियु क्रान्तिकारीका अध्यक्ष शमशेद अन्सारी, अनेरास्ववियुका अध्यक्ष आशिक अहमद, राष्ट्रिय विद्यार्थी सङ्घका सचिव सगिर अलि, नेविसङ्घका रत्नेश मिश्र, मायाशङ्कर कुमार, नितेश पटेल, सविन यादवद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा उल्लेख छ।






# प्रहरी वरिष्ठ उपरीक्षक यादव मृत फेला

बुटवल, ९ पुस/रासस

नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सुशीलकुमार यादव मृत फेला परेका छन्। उनी भैरहवास्थित सरकारी निवासमा आज शुक्रवार झुन्डिएको अवस्थामा फेला परेका हुन्।

रूपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीका अनुसार घटनाको विस्तृत अनुसन्धान भइरहेको छ। उनले भने, "अन्य प्रहरी कर्मचारी खाजा खान गएको बेला यादव झुन्डिएको थाहा भएको हो।"

यादव सङ्घीय प्रहरी एकाइ कार्यालय भैरहवामा कार्यरत थिए। मृत्युको कारण खुल्न सकेको छैन।


आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुने गरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्याँस गिजरको प्रयोग नगरौं। गर्नै परेमा भेन्टिलेशन खुला राखौं।
- झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# १६ लाखसहित कुशवाहा पक्राउ

प्रस, वीरगंज, ९ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले स्रोत नखुलेको १६ लाख रकमसहित एकजना भारतीयलाई पक्राउ गरेको छ।

मोतिहारी, बेलदरवा-५ बस्ने रन्देश कुशवाहालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। भारतीय नम्बरको मोटरसाइकलमा सवार यादवलाई १६ लाख नगदसहित मटिअर्वाबाट पक्राउ गरिएको जिप्रका, बाराले जनाएको छ।

# पत्नीको चिर्पट प्रहारबाट पतिको मृत्यु

प्रस, सिराहा, ९ पुस/

सिराहाको धनगढीमाई नगरपालिका-१४ स्थित एक महिलाले दाउराको चिर्पट प्रहार गर्दा उनका पतिको मृत्यु भएको छ।

बिहीवार राति मदिराले मातेर भएको झगडाको क्रममा धनगढीमाई-१४ की ३६ वर्षीया हर्कमाया विश्वकर्माले हानेको चिर्पटले उनको ४० वर्षीय पति टेकबहादुर विश्वकर्माको मृत्यु भएको हो।

पत्नीले दाउराको चिर्पटले हान्दा घाइते भएका टेकबहादुरको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, सिराहाले जनाएको छ। हत्या आरोपमा मृतककी पत्नी हर्कमायालाई प्रहरीले शुक्रवार बिहान घरमैं पुगेर नियन्त्रणमा लिएको हो। एक छोरा र एक छोरीसहित विश्वकर्मा दम्पती गाउँमैं मजदूरी गरी गुजारा चलाउँथे।

**७५ जना......**

जोड दिए।

संयोजक लिम्बुले महानगरसमेत पर्सा जिल्लाको कुनै पनि पालिकाले तेस्रोलिङ्गी/समलिङ्गीको हकहितका लागि बजेट विनियोजन नगरेको र उनीहरूको व्यावसायिक परिवर्तनमा गैरजिम्मेवार भएको आरोप लगाए।

**जनगणनामा भेदभाव**

हालै सम्पन्न राष्ट्रिय जनगणनामा तेस्रोलिङ्गी/समलिङ्गीहरूसँग भेदभाव गरिएको संयोजक लिम्बुले आरोप लगाए। उनले लिङ्गको हकमा अन्य लेखेको ठाउँमा गणकहरूले नेटुवा, छक्का आदि शब्द उच्चारण गरेर होच्याउने काम गरेको बताए। यसैगरी, कतिपयले परिवारका सदस्यहरूका कारण अन्यमा लेखाउन नसकेको बताए। परिवारका सदस्यहरूले नै सबैको विवरण उपलब्ध गराएका कारण सोही अनुरूप गणकहरूले सूची तयार गरेको उनको भनाइ छ। यही कारण राष्ट्रिय जनगणनामा तेस्रोलिङ्गी/समलिङ्गीहरूको वास्तविक विवरण आउन सक्ने कुरामा उनले शङ्का जाहेर गरे।

समन्वय बैठकमा नेपाल रेडक्रस सोसाइटी, पर्साका दयाशङ्कर सिंह, उदयराज शर्मा, पत्रकार शत्रुघ्न नेपाल, सानो पाइलाकी स्वीटी चौधरी, विजामकी उषाकिरण चौधरी, नारायणी अस्पतालकी सरिता श्रेष्ठलगायतको सहभागिता थियो।